# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २६, २०७९ साल माघ १० गते मंगलबार (Jan 24, 2023)

www.janaakash.com.np



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# राष्ट्रपतिको दौडमा को होला फष्ट ?

**मोहन कार्की**

काठमाडौ । नेपालमा नयाँ संविधान जारी भईसकेपछि तेस्रो राष्ट्रपतिको लागि प्रतिस्पर्धा हुने भएको छ । यतिखेर को राष्ट्रपति बन्ला भनेर धेरै



तिर कौतुहलता छ । तर पार्टीका तर्फवाट सिफारिस भएका व्यक्तिहरु नै राष्ट्रपति भएका छन् । यो भन्दा अगाडी नेपाली काँग्रेसवाट सिफारिस भएका प्रथम राष्ट्रपति डा. रामवरण यादव भएका थिए । एमालेवाट सिफारिस भएकी दोस्रो राष्ट्रपति विद्यादेवी भण्डारी भएकी थिइन । नेपालमा संघिय व्यवस्था लागु भएपछि भएको दोस्रो आवद्यिक निर्वाचन पश्चात त्यसैगरी राष्ट्रपतिको निर्वाचन हुन लागेको हो । यहि फागुन २८ गते वर्तमान राष्ट्रपति बिद्यादेवी भण्डारीको कार्यकाल समाप्त हुदैछ । यो कार्यकाल समाप्त हुनुभन्दा एक महिना अगाडी राष्ट्रपतिको निर्वाचन गरिसक्नुपर्ने कनुनी व्यवस्था रहेको छ ।

अहिलेको सरकारपक्ष एमालेवाट राष्ट्रपतिको उम्मेद्वार उठाउने तयारी भईसकेको सरकार पक्षका सुप्रीमो केपी शर्मा ओलीले सार्वजनिक अभिव्यक्तिमा नै बताईसकेका छन् । संख्यात्मक रुपमा सरकार पक्षका दलहरुको मतसंख्या हेर्दा सरकारमा साझेदार रहेका दलहरु मध्यवाट उठाउने ब्यक्ति नै राष्ट्रपति निर्वाचनमा विजयी हाशिल गर्ने देखिन्छ ।

सत्ता साझेदार पार्टीहरुले भागबण्डाको आधारमा सभामुख एमालेवाट देवराज घिमिरे, उपसभामुखमा स्वतन्त्र पार्टीकी ईन्दिरा राणा मगर सरकार पक्षका उम्मेद्वारी दिई प्रतिस्पर्धी दल नेपाली काग्रेसका उम्मेद्वारहरुलाई सजिलै पराजित गरेका छन् । दुवै विजयी देवराज र ईन्दिरा रानामगरले पराजित उम्मेद्वारलाई ७०/८० मतको फरक हुदै आएको छ । यो आधार हेर्दा पनि सरकारमा सहभागी दलहरुको संख्या सदनमा राष्ट्रपति पनि सजिलै सरकार पक्षका दलहरुले उठाएकै व्यक्तिले जित्ने सम्भावना छ ।

तर राष्ट्रपति निर्वाचनमा भने राष्ट्रियसभा सदस्यहरु सवैको मतभार गणना हुने गर्छ त्यसो हुदा सभामुख र उपसभामुख जस्तो निर्वाचन एकै खालको नहुने हुदा आकलन गरिए जस्तो मतान्तरण फरक नपर्ने एक राजनीतिक बिश्लेषक भनाई छ । तर पनि नेपाली काँग्रेसको सिफारिसमा उम्मेद्वारी दिने राष्ट्रपतिले बाँकी ६ पृष्ठमा

# नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा भण्डारी

काठमाडौं । नेपाल बैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मंचले ऐतिहासिक विजय प्राप्त गरेको छ । शुक्रबार भएको



संघको २९ औं साधारणसभाको निर्वाचनमा मञ्चका उम्मेदवार रहेका राजेन्द्र भण्डारीको प्यानलले मुख्य पदसहित भाईटल पोष्टमा ५ ७ मा ५ सदस्यमा  विजय पाप्त गरेको छ । भण्डारीले नेपाली कांग्रेस निकट भुवनसिंह गुरुङलाई पराजित गर्दै विजय हासिल गरेका हुन् । शनिबार बिहान सम्पन्न मतगणनामा भण्डारीले १९९ मत प्राप्त गरी बिजयी हुँदा गुरुङले १५७ मत पाए । यस्तै अर्का उम्मेदवार कुमुद खनालले १३१ र इश्वर जिसीले १२८ मत प्राप्त गरेका थिए ।

उक्त प्यानलबाट अध्यक्षमा राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्षमा डिक बहदुर खत्री (कुमार), दितिय उपाध्यक्षमा सन्जु गुरुङ , तृतिय उपाध्यक्षमा रोशन कटुवाल, महासचिवमा मेघनाथ भुर्तेल, सचिब मा कर्णराज कटुवाल, कोषाध्यक्षमा सरिता घलेले विजय प्राप्त गरेका हुन् ।

भण्डारी प्यानलबाट सदस्यहरुमा राजेन्द्र बस्नेत, बैकुण्ठ प्रसाद पौडेल ( वैभव), देउमान नेम्वाङ (डिएम सुब्बा) आनन्दप्रसाद कोइरालाले विजय प्राप्त गरेका हुन् । यसैगरि लोकतान्त्रिकवाट सदस्यामा बिक्रम श्रेष्ठ, कैलाश पाठक, नारायण भुसाल, तोरणकुमार कार्की र चन्द्रबहादुर लिम्बु निर्वाचित भएका छन् । एकीकृत समाजवादी र माओवादी समर्थित नेपाल बैदेशिक रोजगार व्यवासयी गणतान्त्रिक मञ्चकी एकमात्र सदस्य देविमाया थापाले विजयी हाशिल गरेकी हुन् ।

‘व्यवहारिक वैदेशिक रोजगार ऐन परिमार्जन सहित सुरक्षित व्यवस्थित र मर्यादित् वैदेशिक रोजगारको नारा लिएर राजेन्द्र भण्डारी नेतृत्वको व्यवसायीक समुह २२ बुदे घोषणा पत्र सहित चुनावी मैदानमा उत्रिएको थियो । सरकारले एकतर्फी रुपमा वैदेशिक रोजगार सम्बन्धी नीति नियम लागू गर्दै समग्र वैदेशिक रोजगार व्यवसायीलाई धराशायी पारेको र विना कसुर व्यवसायीलाई दुख दिने क्रम बढेसँगै समग्र व्यवसायीक हकहितका लागि आफु नेतृत्वको व्यवसायीक समुहले काम गर्ने  बाचासहित चुनावमा होमिएका थिए निर्वाचनमा बिजयी पछि पनि भण्डारीले उक्त बिषय दोहोर्‍याएका छन् । ‘यसअघि संघमा स्वार्थकेन्द्रित व्यक्तिहरुको हावी हुँदा व्यवसायीका समस्या ओझेल परे भने सरकारले सधैं हामी व्यवसायीमाथि अनावश्यक नीति नियम लादेर दु:ख दिने काम गर्यो,’ उनले भने, ‘व्यवसायीका समस्या समाधनकै लागि प्रगतीशिल वैदेशिक रोजगार व्यवसायी मंचको तर्फबाट मेरो नेतृत्वलाई सदस्यहरुले विजयी गराएका हुन् ।’ भण्डारीले भने

भण्डारीले व्यवसायिक एकता र पेशागत हकहितको संरक्षणका लागि आफ्नो नेतृत्वलाई सम्पूर्ण व्यवसायी साथीहरुले मत दिएर विजयी गराएको बताए । ‘यसअघि बाँकी ६ पृष्ठमा

# राष्ट्र बैकको निर्णय प्रति नाडाको स्वागत

काठमाडौ । नेपाल राष्ट्र बैंकले १३ महिना अघि लागु गरेको सवारी साधन तथा विभिन्न अटोमोवाइल बस्तुहरुको आयातमा एल.सि खोल्दा अनिवार्य नगद मार्जिन राख्नु पर्ने व्यवस्थालाई हटाउने निर्णय गरेको छ । त्यसैगरी सरकारले ८ महिना देखि नीजि प्रयोजनका डिजेल र पेट्रोलबाट चल्ने कार जीप र भ्यानको आयातमा लगाएको प्रतिवन्ध पनि केही समय अघि फुकुवा गरेको छ । सरकार तथा नेपाल राष्ट्र बैंकको यस्तो निर्णयको नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल हार्दिक स्वागत गर्दछ । नेपाल राष्ट्र बैंकको हालको यो निर्णयहरुले अटोमोवाइल लगायतका व्यवसायहरुमा धेरै हदसम्म सकारात्मक प्रभाव पार्ने देखिएको छ । तथापी नाडाबाट राखिएका माँगहरु अटो लोन/हायर पर्चेज कर्जामा जोखिम भारलाई १५० प्रतिशतबाट पुरानै बाँकी ६ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# प्रदेश मन्त्रालय घटाउने निर्णय स्वागतयोग्य

नेपालमा संघियता लागु भएपछि प्रदेशहरुमा मन्त्रालयहरु बढाएर खर्च बढाउने चलन निक्कै बढेर गएको थियो फुपुको धन मामाको घोडा हिहि भने जस्तै भएको थियो । उक्त कार्यप्रति जनताको विरोध भएको थियो र हेर्दा पनि कामको चाप त्यति नभएका प्रदेश मन्त्रालय फुटाएर धेरै बनाउदा राज्यको आर्थिक भार बढेर गएको थियो । त्यो समय बिभिन्न राजनीतिक पार्टीहरु सम्मिलित दलहरु मिलेर बनेको सरकार त्यो सरकारमा धेरै मन्त्रीका फोटो झुन्ड्याउनका लागि आकांक्षीहरु हुने र ति सवैलाई दलहरुले समेट्न मन्त्रालयहरु फुटायर भएपनि सम्बोधन गरिएको थियो जसको कारण आफ्नै देशको आन्तारिक स्रोत धेरै नभएको देशमा धेरै मन्त्री पाल्नुपर्दा मन्त्रालयमा थपिने आर्थिक व्याभार आकाशिदै गएको थियो ।

उक्त समस्याले नेपालमा संघियता लागि लडेका केही दलहरु संघियता व्यवस्था नै प्रदेशमा बढ्न गएको आर्थिक व्यायभारका कारण असफल हुने हो कि भन्ने चिन्ता बढ्न गएको थियो । कतिपय ठाउँहरुमा थारो भैसी पालेको जसरी प्रदेशका मन्त्रीहरु पालेर राख्नुपर्ने भन्दै कतिपय दलहरुले नै विरोध पनि गरेका थिए ।

जनताको लागि जनताद्धारा गर्ने शासन पद्धतीमा नै चलेको नेपालको व्यवस्था भएपपनि त्यसको अनुभुति हुने गरेको छैन । तर संघियता लागु भएपछि सरकार चलाएका दलहरुसँग भएको अनुभव र जनताको चौतर्फी विरोध भएको प्रदेश मन्त्रालय धेरै भएर खर्च धान्न नसकिएको भन्ने जनताको विरोध र आर्थिक क्षेत्रका विज्ञहरुले समेत खर्च घटाउन प्रदेशका मन्त्रालय घटाउनुपर्ने सुझाव दिदै आएका थिए ।

ढिलै भएपनि प्रदेशमा बनेका प्रदेश सरकारहरुले मन्त्रालय घटाउने साझा सहमति गरेको कुरा आएको छ । यो अत्यन्तै स्वागतयोग्य र जनताले विरोध गरिरहेको हरेक क्षेत्रबाट यो आर्थिक व्यायभार बढेको कुरालाई सम्बोधन गरेको हुदा संघियता लागु भएपछि भएको व्यवास्थाले पहिलो पटक गरेको राम्रो अभ्यासको रुपमा लिन सकिन्छ । कतिपय प्रदेशहरुले भने मन्त्रालय नघटाउने जस्ता अडान कायम राखेका छन् । यस्ता प्रदेश मन्त्रीहरुले गर्ने कार्य क्षमताको आधारमा र कुन प्रदेशमा भुगोलको अवस्था हेरेर मन्त्रालय राख्नुपर्ने ठाउँमा अझै मदेश प्रदेशले चै मन्त्रालय नघटाउने जस्ता कुरा आएको छ । मधेशमा त स्वत काम गर्न सजिलो र सम्म ठाउँहरु त्यसैगरी यातायातको पनि सहजता हुने हुनाले खासै धेरै मन्त्रालय नचाहिनु पर्ने हो ।

पहाडी क्षेत्र र हिमाली क्षेत्रहरुलाई बढी फोकस गरेर देशको विकास गर्नुपर्ने नेपालका विज्ञहरुले वेला वेलामा राखेका धारणा मतहरुले पनि यस्तै हिमाली र पाहाडी क्षेत्रहरुलाई बढी प्रथामिकता दिनुपर्नेमा जोड गरेका छन् । जे भए पनि राज्यलाई हेर्ने एउटै नीति बनाउने हो भने पनि समग्र देशका प्रदेश सरकारमा बस्ने त्यहाका नीति निर्माण गर्ने दलहरुले प्रदेशको खर्च घटाउन मन्त्रालय घटाउनु नै यतिवेलाको मुख्य काम हो । त्यो काम ५ वटा प्रदेशले मन्त्रालय घटाउने संकेत गरिसकेका छन् । बाकी मधेश प्रदेश र सुदुरपश्चिमले नघटाउने भनेका छन् ।

मन्त्रालय घटाएर आर्थिक भार कम गर्ने प्रदेशहरुको काम भने स्वागतयोग्य छ। यस्ता स्वागत गर्न योग्य काम बाँकी रहेका दुई प्रदेशले पनि गरुण ।

# विक्षिप्त काँग्रेस र लजाएको लोकतन्त्र

**विवि श्रेष्ठ**

नेपाली काँग्रेसको महाधिवेशनबाट नै ढोक्सा थापेर बसेका रामचन्द्र पौडेल अहिलेको सन्दर्भमा सबैभन्दा लोभी व्यक्ति देखिएका छन् । महाधिवेशन अघिसम्म सभापति शेरबहादुर देउवाको चर्को आलोचक बनेका पौडेल देउवाको राष्ट्रपति बनाउने आश्वासनले देउवाको छायासमेत बने । आफ्नो निर्वाचन क्षेत्रमा तत्कालीन नेकपा एमालेका उम्मेदवार कृष्णकुमार श्रेष्ठ किसानसँग संसदीय निर्वाचनमा हार बेहोरेर विक्षिप्त बनेका पौडेल गठबन्धन गरेर जसरी पनि जित्ने र सके प्रधानमन्त्री नभए राष्ट्रपति बन्ने सपनामा रहेकामा १० पुसको घटनापछि झन रनभुल्लमा परेका छन् । महाधिवेशनमा देउवालाई समर्थन गरेर मात्र पद प्राप्ति गर्न सकिन्छ भन्ने मनसाय पालेर गठबन्धनका नारा अलापेका पौडेल गठबन्धनका संयोजकसमेत बने । त्यसको एउटै उद्देश्य भनेको गठबन्धनबाट सांसद जित्ने र प्रधानमन्त्री बन्ने, त्यो पनि नपाए राष्ट्रपति बन्ने पौडेलको धोको हो । त्यही धोकोलाई पूरा गर्न महाधिवेशनमा प्रतिष्पर्धीसमेत नबनेर देउवाका सारथी बने, जसको परिणाम देउवा सभापति पनि बने । सधैं परिवर्तन र सुशासनको नारा ओकल्ने पौडेल पदका लागि देउवाका सबैभन्दा नजिकका विश्वास पात्र बने । यदि महाधिवेशनमा पौडेलले शेखर कोइरालाको समर्थन गरेमा शेखर नै सभापति बन्ने थिए । तर, पदका लागि पौडेल नेपाली काँग्रेसको मात्र होइन, आमजनताको पक्षमा अनि परिवर्तनका पक्षमा बाधक बनेका छन् । सत्यता यही हो । यहीँभित्र भएको संसदीय निर्वाचनमा समेत पौडेलले देउवालाई समर्थन गरेर परिवर्तनका बाधक बने । आफूअनुकूलताका लागि परिवर्तनका नारा ओकल्ने देउवा पदलोलुपताका लागि गरिएको देउवासँग गरिएको साठगाँठमा आमजनता अनभिज्ञ छैनन् । गठबन्धनको संयोजक बनेर माओवादी केन्द्रलाई घाटा लागेता पनि नेपाली काँग्रेसलाई भने फाइदा नै पुगेको छ । जसको फाइदा पौडेललाई पनि भयो । एकचोटी जितेर मर्ने चाहना व्यक्त गरेका पौडेलले यसपटक तनहुँ क्षेत्र नं १ बाट गठबन्धनका उम्मेदवार बनेर जिते । आफ्नै सरकार रहेको र गठबन्धनबाट बनेको सरकार फेरि पनि आफ्नै बन्नेमा आशावादी बनेको नेपाली काँग्रेस र पौडेल भने १० पुसको घटनाक्रमले तिरिमिरी बनेका छन् । एकाएक एमालेको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेपछि फेरि पनि ठूलो दलको नेताका हैसियतले आफैं प्रधानमन्त्री बन्ने र गठबन्धन कुनै पनि हालतमा नटुट्ने विश्वासमा रहेको नेपाली काँग्रेस रनाहमा परेका छन् ।

१० पुस २०७९ पछिको घटनाक्रमले राष्ट्रिय राजनीतिमा तरंग ल्याइदियो । गठबन्धनको सरकार बन्ने र पुन सत्ता अनि शक्तिमा दोहन गर्न पाइने आशामा बसेकाहरू वाम गठबन्धनको सरकार बनेपछि आहत बने । स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकारदेखि विभिन्न राजनीतिक नियुक्ति र संवैधानिक परिषद्मा रहेका नेपाली काँग्रेसका कार्यकर्ताह एकाएक पदबाट मुक्त हुनुपरेपछि आक्रोशित बने । त्यसैको परिणाम देउवाको राजीनामादेखि विशेष अधिवेशनको हल्लाले बजार तातायो ।

देउवाको छाया बनेका पौडेल पनि सरकारमा पार्टीको पहुँच गुमेपछि देउवाप्रति आक्रोशित बने । सार्वजनिक मञ्चमै देउवाको आलोचना भयो । राजनीतिक खेलाडीमा माहिर देउवा पनि केन्द्रीय समितिमा आफ्नो व्यापक विरोध हुने देखेर प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन गरेर आफूप्रतिको विरोधलाई मत्थर बनाउन सफल भए । एकातिर आफ्नो विरोधको स्वर मत्थर हुने र अर्कातर्फ प्रचण्डलाई ललिपप देखाएर पुन सत्तासीन बनाउने अभिप्रायले चालिएको नेपाली काँग्रेसको कदमले अन्ततः लोकतन्त्र र संसद्मा विपक्षी दलको नेताको हैसियत नै गुमायो । प्रचण्डलाई विश्वासको मत दिएर फकाउने तर एमालेलाई एक्लाउने

ठबन्धनको संयोजक बनेर माओवादी केन्द्रलाई घाटा लागेता पनि नेपाली काँग्रेसलाई भने फाइदा नै पुगेको छ । जसको फाइदा पौडेललाई पनि भयो । एकचोटी जितेर मर्ने चाहना व्यक्त गरेका पौडेलले यसपटक तनहुँ क्षेत्र नं १ बाट गठबन्धनका उम्मेदवार बनेर जिते । आफ्नै सरकार रहेको र गठबन्धनबाट बनेको सरकार फेरि पनि आफ्नै बन्नेमा आशावादी बनेको नेपाली काँग्रेस र पौडेल भने १० पुसको घटनाक्रमले तिरिमिरी बनेका छन् । एकाएक एमालेको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेपछि फेरि पनि ठूलो दलको नेताका हैसियतले आफैं प्रधानमन्त्री बन्ने र गठबन्धन कुनै पनि हालतमा नटुट्ने विश्वासमा रहेको नेपाली काँग्रेस रनाहमा परेका छन् । १० पुस २०७९ पछिको घटनाक्रमले राष्ट्रिय राजनीतिमा तरंग ल्याइदियो । गठबन्धनको सरकार बन्ने र पुन सत्ता अनि शक्तिमा दोहन गर्न पाइने आशामा बसेकाहरू वाम गठबन्धनको सरकार बनेपछि आहत बने । स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकारदेखि विभिन्न राजनीतिक नियुक्ति र संवैधानिक परिषद्मा रहेका नेपाली काँग्रेसका कार्यकर्ताह एकाएक पदबाट मुक्त हुनुपरेपछि आक्रोशित बने ।

अभिप्रायस्वरूप प्रदेशसभादेखि एमालेले उठाएका उम्मेदवार उठेको ठाउँमा आफ्ना उम्मेदवार उठाएर एमालेसँग बदला लिने मोडमा छ । जसले गर्दा प्रचण्ड पुन फर्कनेछन् भन्ने आशा देउवा र विशेषगरी पौडेललाई छ । माओवादीका उम्मेदवारलाई सर्वसम्मत बनाउने अभियान यसैको प्रारूप हो । हालै भएको प्रतिनिधिसभाको सभामुख पदका निर्वाचनमा नेपाली काँग्रेसले आफ्नो उम्मेदवार उठाएर प्रचण्डको समर्थनको आशा गर्नुले प्रचण्ड अझै पनि फर्कन सक्छन् भन्ने आशाको चित्र हो । नेपाली काँग्रेसले प्रचण्डलाई संसद्मा मत दिएर एमालेको विकल्पमा हामी छौं भन्ने सन्देश दिएको छ भने यसले ओलीलाई कमजोर बनाउन सकिन्छ भन्ने काँग्रेसको आँकलन छ । सभामुखमा काँग्रेसको तुरूपले काम नगरेपछि अबको खेल राष्ट्रपतिमा हुनेछ भन्ने काँग्रेसको बुझाइ हो । प्रचण्डले ओली छाडेर काँग्रेसलाई राष्ट्रपतिमा समर्थन गर्छन् भन्ने खेलमा देशी तथा विदेशी राष्ट्रहरू खेलेको खेल रंगमञ्चमा छताछुल्ल देखिन्छ । नेपालको संसदीय व्यवस्थामा संसद्मा प्रमुख प्रतिपक्षको हैसियतसमेत लिन नसकेको काँग्रेसले कस्तो लोकतन्त्र र बलियो प्रतिपक्षको वकालत गरेको छ भन्ने कुरा अहिलेको भूमिकाले प्रस्ट पारेको छ । सातै प्रदेशमा मन्त्री र मुख्यमन्त्रीसमेत निर्वाचित भइसकेको अवस्थामा पदका लागि कतिसम्म गिर्न सक्छ भन्ने कुरा रमेश लेखकले दिएको अभिव्यक्तिले पुष्टि गर्छ । प्रमुख प्रतिपक्षी दलको हैसियतले राजनीतिक दलको बैठकमा भाग लिने, प्रचण्डको सरकारलाई विश्वासको मत दिने, सरकारलाई समर्थन गर्ने अनि राष्ट्रपतिलाई बुझाएको समर्थनपत्रमा नेपाली काँग्रेसले हस्ताक्षर गरेको छैन भन्ने विरोधाभास अभिव्यक्तिले लोकतन्त्र नै लजाएको छ ।

राजनीतिमा नैतिकता र इमानदारिता पनि हुनुपर्छ । जुन जीवन्त लोकतन्त्रको गहना हो । पदका लागि जे र जस्तो पनि गर्न अभ्यस्त हुन्छ भन्ने नेपाली काँग्रेसले पुष्टि गरेको छ । सधैं सत्तासीन हुनका लागि जस्तो पनि खेल खेलिने प्रयत्नले नेपाली काँग्रेसलाई बलियो बनाउदैन । विश्वासको मत पनि दिने प्रतिपक्ष पनि हो भन्ने अभिव्यक्तिले नेपाली काँग्रेसलाई जनस्तरबाट नै गिराएको छ । समयमै गर्नुपर्ने काममा ध्यान नदिँदा काँग्रेस अन्तिम अस्त्र प्रयोग गर्दै छ । प्रचण्डलाई मनाएर राष्ट्रपति पद काँग्रेसको पोल्टामा पार्न सकिन्छ कि भन्ने मनोदशामा छ । जसरी पनि सरकारलाई अस्थिर बनाएर नेकपा एमालेलाई प्रचण्डसँग टाढा बनाएर सरकारमा पुन पुग्न सकिन्छ भन्ने मृगतृष्णाको अविरल यात्रामा काँग्रेसको दृष्टि छ । प्रतिपक्ष भन्ने तर संवैधानिक पदमा हक माग्ने काँग्रेसको प्रवृत्तिले नेपाली काँग्रेस थप कमजोर बनेको छ । सरकार बन्नुभन्दा अघि बनेको माओवादी, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपालगायतको पार्टीका उच्चस्तरीय सम्झौताबाट पछाडि हटेर काँग्रेसलाई राष्ट्रपति दिन प्रचण्डलाई नैतिकताले दिँदैन, जुन व्यवहार राजनीतिका लागि सहज पनि हुँदैन । सरकार बनेको केही दिनमै दिइने धोकाले प्रचण्डलाई केही राहत दिएता पनि दीर्घकालीन राजनीतिक रूपमा प्रचण्ड र माओवादीलाई कदापि फाइदा दिँदैन, जुन कुरा प्रचण्डले राम्रोसँग बुझेका छन् ।

राष्ट्रपतिमा नेपाली काँग्रेसले लगाएको आँखाले लोकतन्त्र र प्रजातन्त्रलाई नै धुमिल बनाउनेछ भन्ने कुरा काँग्रेसले बुझ्न सकेन भने आमजनता र अन्तर्राष्ट्रिय जगत्मा नै नेपाली काँग्रेसको शाख गिर्नेमा कुनै शंका छैन । प्रचण्डलाई फकाएर, धम्काएर, घुर्काएर राष्ट्रपति पद हात पार्न नेपाली काँग्रेसले केही समय अझै नांगो नाच नाच्ने नै छ ।

राजधानी दैनिक


## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**ज्ञान कुमार श्रेष्ठ**
अध्यक्ष

**नारायण लामिछाने**
प्रमुख प्रशासकीय अधिकृत

**खाँडादेवी गाउँपालिका**
**माकादुम, रामेछाप, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**शेर बहादुर सुनुवार**
अध्यक्ष

**दिल कृष्ण श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

**उमाकुण्ड गाउँपालिका**
**प्रिति, रामेछाप, बागमती प्रदेश**

# सैलुङ अनलाईनको सातौ वार्षिकोत्सव भव्य रुपमा सम्पन्न

काठमाडौ । आजको सञ्चारको युगमा अनलाईन सञ्चार माध्यमहरुको बाढी नै आएको छ । त्यसमध्य संग्लो खोला बनेर कति



बग्न सकेका छन् । त्यो आफैमा चुनौतिपुर्ण छ । त्यस्तै एक उदारण सैलुङ अनलाईनले आफ्नो सातौ बर्ष पुरा गरेको अवसरमा भव्य कार्यक्रमको आयोजना गरी बार्षिकोत्सव मनाएको छ । यस बार्षिकोत्सव मनाउन सक्ने क्षमता बृद्धि गर्नु भनेको पनि सफल मिडियाको उदारण हो ।

सैलुङ अनलाईनले मितिः २०७९ माघ ३ गते मंगलवार बौद्धस्थित तामाङ भवनमा बिभिन्न व्यक्तित्वहरुको उपस्थितिमा कार्यक्रम गरेको हो । कार्यक्रममा बिभिन्न संघ/संस्थाका पदाधिकारी राजनीतिक व्यत्तित्वहरु, समाजसेवी, पत्रकारहरु लगायतको उल्लेखिय मात्रमा उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई दुई सेसनमा बाडेर गरिएको थियो । पहिलो शेसनमा आम निर्वाचन २०७९ मा तामाङ आदीवासी र जनजाती र उपस्थिति र उपलब्धि कार्यपत्र मानवशास्त्री डा. मुक्तसिंह लामाले गरी टिप्पणीकारका रुपमा प्रतिनिधिसभा सदस्य नुवाकोटका हित बहादुर तामाङ, पुर्व संसद दिलमान पाखिन धादिङ , राजनीतिक बिस्लेषक बुद्धछिरिङ मोक्तान, बाह्वविसे नगरपालिकाकी पुर्व उपमेयर सुसिला पाखीनले गरेका थिए । पहिलो शेसनको अध्यक्षता भाषाशास्त्री एंवम् भाषा आयोगका सदस्य अमृत योञ्जन तामाङ रहेका थिए ।

दोस्रो शेसनका प्रमुख अतिथि बागमती प्रदेश संसद छिरिङ दोर्जे लामा रहेका थिए ,बिशेष अतिथि नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश अध्यक्ष श्रीजन झा रहेका थिए ।

आयोजकको भनाइलाई आधार मान्दा दोस्रो शेसनलाई औपचारिक कार्यक्रम मानिएको थियो । दोस्रो शेसनका अतिथिहरु प्रभाव दैनिकका सञ्चालक कृष्ण कार्की, जन आकाश मिडिया प्रा.लि.का अध्यक्ष मोहन कार्की,नेपाल समाचार पत्रका बजार प्रवन्धक नन्द गोपाल क्षेत्री, राजधानी दैनिकका बजार व्यवस्थापक गंगा फुयाँल, बज्र कलेजका सिइओ रत्नमान आशु , मम्स इन्टरनेशनल सञ्चालक रञ्जिता ब्लोन, तामाङ पत्रकार संघका वरिष्ठ उपाध्यक्ष बुद्ध योञ्जन तमाङ लगायतको अतिथ्यमा भएको हो ।

उक्त कार्यक्रमको सभापति ग्लोबल भ्वाईस प्रा.लि.का अध्यक्ष स्याम लामाले गरेका थिए । श्याम लामाले कार्यक्रमलाई समापन गर्ने क्रममा यसैगरी सोनाम लोछारको शुरुवाती चरणमा २०७२ साल माघ २६ गते सैलुङ अनलाईनको स्थापना गरिएको थियो । त्यतिवेला देशमा गएको भुकम्पले देश अस्तव्यस्त भएको अवस्थामा समग्र नागरिकहरको समस्या सम्बन्धित निकायमा पुऱ्याउनु हाम्रो दाईत्व रहेको थियो । यस्ता अनेकौ नागरिकका कामहरु गर्दै आउदा थुप्रै कठिनाईहरुमा साथ दिनुहुने सबैलाई धन्यवाद भन्दै धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा सञ्चार संस्थालाई निरन्तर सहायोग गरेका व्याक्ति, संस्थाहरुलाई प्रसंसा पत्र र मायाको चिनोले सम्मान गरिएको थियो ।

# रामेछाप-काठमाडौं पत्रकार समाजद्वारा दुई दिने खेलकुद पत्रकारिता प्रशिक्षण सुरु, राखेप सदस्य सचिव घिसिङद्वारा उद्घाटन

काठमाडौंः रामेछाप-काठमाडौं पत्रकार समाजको आयोजनामा दुईदिने खेलकुद पत्रकारिता प्रशिक्षण कार्यक्रम सोमबारदेखि कोटेश्वरमा सुरु भएको छ । कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव




टंकलाल घिसिङको प्रमुख आतिथ्यमा उद्घाटन भएको थियो । उद्घाटनका क्रममा सदस्य सचिव घिसिङले एशियान र दक्षिण एशियाली खेलकुदमा राम्रो प्रदर्शन तथा पदक पाउने गरी रणनीतिक लगानीमा आफू जुटेको बताएका छन् । घिसिङले राम्रो खेलाडीलाई पदकका लागि सरकार एक करोडसम्म लगानी गर्न तयार रहेको बताए ।

मार्चको तेस्रो हप्तामा सुरु गर्ने गरी राखेपले एशियन गेम्समा सहभागी हुने २३ गेमको ट्रेनिङको तयारी थालेको जानकारी दिए । खेलकुद क्षेत्रको विकासका लागि रणनीतिक रूपमा अघि बढेको उल्लेख गर्दै घिसिङले मेहनती एक खेलाडी बराबर एक करोड रुपैयाँसम्म लगानी गर्न तयार रहेको बताएका हुन् ।

'मैले के घोषणा गरेको छु भने जनवरीदेखि सेप्टेम्बरसम्म एक खेलाडी बराबर एक करोड रुपैयाँ आवश्यक परे पनि राज्यले लगानी गर्नेछ । तर, खेल र खेलाडीको मेहनत त्यसमा लगाव हुनुपर्छ । त्यसकै आधारमा लगानी गर्ने भनेका छौँ', उनले भने ।

नेपाली समाजमा भनसुनका आधारमा खेलाडी र प्रशिक्षक बन्न सक्ने खराब सोच हट्न नसकेको जिकिर गर्दै सदस्यसचिव घिसिङले यस्तो प्रवृत्तिका कारण राष्ट्रले हार व्यहोर्ने बताए ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा बलेरो गाडी दुर्घटना

रामेछाप । रामेछापमा बलेरो गाडी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । रामेछापको उमाकुण्ड गाउँपालिका-७ भुजीबाट काठमाडौंतर्फ जाने क्रममा बा११ज ५९३५ नं को बलेरो दुर्घटना हुँदा चालक ओखलढुंगा सिद्धिचरण नगरपालिकाका ३५ बर्षिय नारायण बहादुर मगरको निधन भएको हो ।

जिल्ला प्रहरी कार्यालय रामेछापका डिएसपी होम बहादुर पराजुलीले बलेरो गाडी दुर्घटनामा परी चालकको घटनास्थलमै मृत्यु भएको जानकारी दिए । उनका अनुसार घटनाको अनुसन्धान भइरहेको छ ।

## मन्थली नगरपालिकाले एक महिने कपडा र पोते बुन्ने तालिम दिने

रामेछाप । रामेछापको मन्थली नगरपालिकाले एक महिने कपडा बुनाइ र पोते बुनाइ तालिम दिने भएको छ । महिलाहरूको लागि उद्यमी बनाउने उद्देश्यको साथ तालिम सञ्चालन गर्न लागेको नगरले जनाएको हो ।

नगरपालिकाको आ।ब। २०७९।०८० को सङ्घीय सशर्त अनुदानबाट महिला बालबालिका तथा समाज कल्याण शाखाबाट कार्यान्वयन हुने गरी विनियोजित बजेट र उद्यम विकास शाखा साझेदारीमा एक वडाबाट २।२ जना सहभागी हुने गरी २८ जनालाई सो तालिम दिन लागेको नगरले सूचना प्रकाशन गरी जानकारी दिएको छ ।

शुक्रवार सूचना जारी गर्दै नगरपालिकाले महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समितिको बैठकको निर्णय अनुसार प्रत्येक वडाबाट २२२ जना सहभागीलाई मन्थली १ मा तालिम दिने जनाएको हो । तालिम लिनको लागि सिप सिकेर उद्यमी बन्ने प्रतिबद्धता गर्नु पर्ने, आधारभूत तह उत्तीर्ण भएको हुनु पर्ने, नगर बासी भएको हुनु पर्ने लगायतका सर्त राखेको छ ।

## रामेछापमा शिक्षक सेवा आयोगले लिएको प्राथमिक तहको परीक्षामा ७१ जना उतिर्ण

रामेछापमा शिक्षक सेवा आयोगले लिएको प्राथमिक तहको परीक्षामा ७१ जना उतिर्ण भएका छन । रामेछापमा १५४ पदका लागि भएको परीक्षामा ७१ जना मात्रै उतिर्ण भएका हुन । आयोगको तथ्यांक अनुसार लिखित परिक्षामा उतिर्ण भएकाहरुलाई गणना गर्दा रामेछापमा अझै ८३ पद रिक्त हुनेछ ।

आयोगले २०७८ साल चैत १९ गते र २०७९ असार १३ गते लिएको लिखित परीक्षाको नतिजा अनुसार माग गरेभन्दा धेरै कम परीक्षार्थी उतिर्ण भएको देखिएको छ । हालसम्म ५१ जिल्लाको नतिजा सार्वजनिक भएको आयोगले जनाएको छ ।

यसअघि माध्यमिक र निम्न माध्यमिक तहको शिक्षकको परीक्षामा पनि माग अनुसार परीक्षार्थी पास हुन सकेका थिएनन् । तर, अहिले मावि र निमाविको भन्दा भने सन्तोषजनक नतिजा आएको शिक्षक सेवा आयोगका प्रवक्ता सुदर्शन मरहट्ठाले बताउनुभयो ।

## भ्रष्टचार विरुद्धको अभियान रामेछापको मन्थलीमा स्थापना

भ्रष्टचार विरुद्धको अभियानको केन्द्रिय कार्यालय रामेछापको सदरमुकाम मन्थलीमा शुक्रबार उद्धघाटन गरिएको छ । भ्रष्टचार विरुद्धको अभियान्ता यम बहादुर थापाले ७७ जिल्लाकै केन्द्रिय कार्यालय मन्थलीमा स्थापना गरिएको बताउनुभयो । समाजसेवी गुन्ज बहादुर श्रेष्ठले कार्यालय उद्धघाटन गर्नुभयो । कार्यालय उद्धघाटन गर्दै श्रेष्ठले भ्रष्टचार नियन्त्रणमा सबै उकजुट भएर लाग्नुपर्ने बताउनुभयो ।

मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठले हरेक नागरीकले हरेक काममा खबरदारी गर्ने हो भने भ्रष्टचार नियन्त्रण हुने बताउनुभयो । उहाँले हरेक कार्यालयमा भएका कामहरुको निगरानी गर्न पनि आग्रह गर्नुभयो । रामेछापका जिल्ला न्यायधिश ईन्दिरा शर्माले भ्रष्टाचार नियन्त्रण गर्न सानोतिनो प्रयासले नपुग्ने भएका कारण सम्पूर्ण नागरिक एकजुट भएर भ्रष्टाचारको विरुद्धमा आवाज उठाएर अघि बढ्नु आवश्यक रहेको बताउनुभयो ।

उहाँले भ्रष्टाचार नियन्त्रणका लागि राष्ट्रका सर्वसाधारण नागरिक, कर्मचारी, राष्ट्रका विभिन्न निजी, सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू र भ्रष्टाचारविरुद्धका सम्पूर्ण निकायहरू एकजुट भएर भ्रष्टाचारविरुद्धको अभियानमा लागिपरेको खण्डमा मुलुकबाट सधैँका लागि भ्रष्टाचार उन्मूलन गरी देशमा सुशासन कायम गर्न सकिने बताउनुभयो ।

भ्रष्टचार विरुद्धको अभियान्ता यम बहादुर थापाले भ्रष्टाचार गम्भीर प्रकृतिको सामाजिक अपराध भएका कारण यसलाई नियन्त्रण गरी सुशासन कायम गर्नु हामी सबैको दायित्व रहेको बताउनुभयो । मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने अभियानमा आफु लागि परेको उहाँले बताउनुभयो । कार्यालय उद्धघाटनसँगै ईन्द्रिणी कार्यक्रमका प्रमुख कृष्ण कँडेल नेतृत्वको कलाकारको समुहले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

## रामेछाप चनखुमा सोनाम ल्होछार सम्पन्न

रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नम्बर -१० चनखुमा छैठौं -वृहत् सोनाम ल्होछार सांस्कृतिक समारोह :२०७९ सम्पन्न भएको छ । तामाङ भाषा,कला धर्म र संस्कृति हाम्रो पहिचान ,यसको संरक्षण र प्रवर्द्धन गर्ने हाम्रो अभियान  भन्ने मुल नाराको साथमा ह्याङ्ला ह्युल सामुदायिक संस्थाले गर्दै आइरहेको ल्होछार कार्यक्रम माघ ९ गते सम्पन्न भएको हो । तामाङको १२ वटा वर्गमा प्रत्येक बर्षमा एउटा वर्गलाई विदाई गर्दै अर्कोलाई स्वागत गरेर सोनाम ल्होछार मान्ने गरेको छ ।

यसपटक बाघ वर्गलाई विदाई गर्दै बिरालो वर्गलाई स्वागत गरेर कार्यक्रम गर्न लागेको आयोजक संस्थाले बताएको छ । कार्यक्रममा विभिन्न ख्यातिप्राप्त कलाकारहरुको उपस्थिति रहेको थियो । कार्यक्रममामा बाबू जिम्बा,सुनिता लुङ्बा,तामाङ सेलो गायक पासाङ लामा,तिर्थ विरक्त पाख्रीन ,गायिका शर्मिला तामाङ लगायतका कलाकारहरुको उपस्थिति रहेको थियो । चनखुमा २०७४ सालदेखि निरन्तर रूपमा ल्होछार कार्यक्रम गर्दै आइरहेको छ । कार्यक्रममा उपस्थिति हुनेहरुलाई तामाङ भेषभुषामा उपस्थिति रहन समेत आयोजक संस्थाले आग्रह गरेको छ ।

# ग्लोबल आइएमई बैंकको १६औँ वार्षिकोत्सवको अवसरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन

ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १६औं वार्षिकोत्सवको उपलक्ष्यमा महिला सशक्तीकरणको प्रयास स्वरुप बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत देशव्यापीरुपमा मेरी उनीलाई स्वस्थ नारी पहल अभियान सञ्चालन गरेको छ । यस अन्तर्गत बैंकले सबै प्रदेश समेट्ने गरी सप्ताहव्यापीरुपमा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरेको हो । शिविरमा स्त्रीरोग विज्ञहरुले स्त्रीरोग सम्बन्धी विभिन्न सेवाहरु जस्तै महिलाहरुको स्वास्थ्य परिक्षण, पाठेघरको क्यान्सर (भीआईए) परीक्षण, गर्भाशय प्रोल्याप्स केसको उपचार, औषधी वितरण



लगायतका सेवाहरु निःशुल्क रुपमा उपलब्ध गराएको छ । नेपाल परिवार नियोजन संघको प्राविधिक सहयोग तथा सम्बन्धित गाँउपालिका/नगरपालिकाको समन्वयमा सम्पन्न यस कार्यक्रमअन्तर्गत प्रदेश १ को ईलाम जिल्ला, ईलाम नगरपालिका वडा नं. १, साँखेजुङ्ग स्थित वडा कार्यालयको प्राङ्गण, मधेश प्रदेशको रौतहट जिल्ला, फतुवा विजयपुर नगरपालिक वडा नं. ७ स्थित रौतहट प्राथमिक उपचार केन्द्र, बाग्मती प्रदेशको दोलखा जिल्ला कालिन्चोक गाउँपालिका वडा नं. ६, लापिलाङ्ग स्थित पारच्याङ स्वास्थ चौकीमा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरेको हो । त्यसैगरी बैंकले गण्डकी प्रदेशको बागलुङ जिल्ला, निसिखोला गाउँपालिका-३, भिवाखोला स्थित बोहोरा गाउँ स्वास्थ चौकी, लुम्बिनी प्रदेशको रोल्पा जिल्ला, रुन्टी गढी नगरपालिका, होलेरी स्थित होलेरी प्राथमिक स्वास्थ केन्द्र, कर्णाली प्रदेशको सुर्खेत जिल्ला, लेकबेसी नगरपालिका वडा न ६, कल्याण स्थित कल्याण स्वास्थ चौकी र सुदूरपश्चिम प्रदेशका डोटी जिल्ला, जोरायाल नगरपालिका वडा नं. ५, खहडा स्थित गडशेरा स्वास्थ चौकीमा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । स्वास्थ्य शिविरमा ८०९ जना महिलाहरुले स्वास्थ्य सेवा लिएका छन् । स्वास्थ्य शिविरले ग्रामीण तथा अर्ध शहरी क्षेत्रका स्वास्थ्य सेवाको पहुँच नभएका महिला तथा बालिकाहरुका निम्ति प्रभावकारी हुने र महिलाहरुमा सकारात्मक प्रभाव पार्ने विश्वास बैकले लिएको छ । बैंकले प्राथमिक स्वास्थ्य सेवाको पहुँच सीमित वा पहुँच नभएका दुर्गम स्थानहरूमा पुगी यस्ता किसिमका स्वास्थ्य शिविरहरुको आयोजना गर्ने गरेको छ । ग्लोबल आइएमई बैंकले स्थापनाकाल देखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा यस्ता स्वास्थ्य शिविरहरुको आयोजना गरी विशेषत ग्रामीण भेगका महिला तथा आम नागरिकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको छ ।

# स्मार्टच्वाइस टेक्नोलोजिज र माछापुच्छ्रे बैंकबीच सम्झौता

नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली संचालकको अनुमती प्राप्त स्मार्टच्वाईस टेक्नोलोजिज लिमिटेड (SCT) तथा 'क' वर्गको वाणिज्य बैंक माछापुच्छ्रे बैंकबीच एससीटी युपीआई (SCT–UPI) डेबिट कार्ड सेवा संचालनको लागि सम्झौता सम्पन्न भएको छ । सम्झौता पत्रमा स्माटच्वाईस टेक्नोलोजिज लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र माछापुच्छ्रे




बैंकका तर्फबाट प्रमुख डिजिटल बैंकिङ्ग अधिकृत माधब सुवेदीले हस्ताक्षर गरेका छन् । बिगत २० वर्षदेखि डिजिटल भुक्तानीमा गुणस्तरिय सेवा दिँदै आएको स्मार्टच्वाईस टेक्नोलोजिज र स्थापना कालदेखि नै ग्राहकहरुको पहिलो रोजाइ बनेको माछापुच्छ्रे बैंकबीच भएको यस सम्झौताले समग्र नेपालको डिजिटल भुक्तानीको क्षेत्रमा टेवा पुग्ने आशा गरिएको छ । यस सम्झौता पश्चात माछापुच्छ्रे बैंकका ग्राहकहरुले एससीटी युपीआई (SCT–UPI) डेबिट कार्डको आधुनिक, सुरक्षित, गुणस्तरीय तथा भरपर्दो सुविधा प्राप्त गर्न सक्नेछन् । साथै, एससीटी युपीआई (SCT–UPI) सञ्जालको प्रयोगबाट ग्राहकले नेपाल तथा भारतभित्र एटीएम, पोस, इकमर्श (ATM, POS, e–commerce) जस्ता सेवा सजिलै लिन सक्ने छन ।

# कुमारी बैंक र माया लाउन्ज एण्ड रेस्ट्रो प्रा. लि. बीच सम्झौता

कुमारी बैंक लिमिटेड र माया लाउन्ज एण्ड रेस्ट्रोबीच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरुलाई माया लाउन्ज एण्ड रेस्ट्रोको सेवाहरुमा विशेष छुट प्रदान गर्ने समझदारी भएको छ । डिजिटल कारोबारमा ग्राहकहरू आकर्शित भईरहेको कुरालाई मध्यनजर गर्दै आफ्ना ग्राहकहरूलाई डिजिटल कारोबारमा प्रोत्साहन गर्नका निमित्त कुमारी बैंकले यस सहकार्य मार्फत माया लाउन्ज एण्ड रेस्ट्रोका विभिन्न सेवाहरुमा आकर्षक छुटको प्रावधान गरेको हो । बैंकका डेबिट/क्रेडिट कार्डवाहक र मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरुले उक्त रेस्ट्राको माछापोखरी र मध्य वानेश्वोर शाखाबटा खाना र पेय पदार्थ शुल्कमा १०% र विभिन्न भेला वा समारोहमा १५% सम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

# लक्ष्मी बैंकको नाफा ३१.७७प्रतिशतले बढ्यो

लक्ष्मी बैंकले चालु आर्थिक वर्ष दोस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । समीक्षा अवधिसम्म बैंकले १ अर्ब ७ करोड रुपैयाँ बढी नाफा आर्जन गरेको छ । गत वर्ष यही अवधिसम्म बैंकले ८१ करोड ७३ लाख नाफा आर्जन गरेको थियो। यस हिसाबले गत वर्षको तुलनामा समीक्षा अवधिमा नाफा ३१.७७ प्रतिशतले बढेको छ । यो अवधिसम्म बैंकको वितरणयोग्य मुनाफा १ अर्ब ४९ करोड रुपैयाँ रहेको छ । दोस्रो त्रैमाससम्म बैंकले १ अर्ब ४९ करोड रुपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको छ । गत वर्ष यही अवधिसम्म यस्तो मुनाफा १ अर्ब १३ करोड रुपैयाँ रहेको थियो। सञ्चालन




मुनाफा पनि ३१.९१ प्रतिशतले बढेको छ । समीक्षा अवधिसम्म बैंकले २ अर्ब ७६ करोड रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ। गत वर्ष यही अवधिमा बैंकको यस्तो आम्दानी १ अर्ब ६० करोड रुपैयाँमा सीमित थियो। यो हिसाबले ब्याज आम्दानी ७२ प्रतिशतले बढेको छ । चुक्तापुँजी ११ अर्ब ५५ करोड रुपैयाँ रहेको बैंकको रिजर्भको आकार २०.७४ प्रतिशतले बढेर ५ अर्ब ५ करोड रुपैयाँको उचाइमा पुगेको छ । गत वर्ष यही अवधिसम्म रिजर्भमा ४ अर्ब १८ करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिसम्म बैंकले १ खर्ब ४५ अर्ब रुपैयाँ निक्षेप संकलन गरी १ खर्ब ३० अर्ब रुपैयाँ कर्जा परिचालन गरेको छ। गत वर्ष यही अवधिसम्म बैंकले १ खर्ब ३९ अर्बरुपैयाँ निक्षेप संकलन गरी १ खर्ब २६ अर्ब रुपैयाँ कर्जा परिचालन गरेको थियो । बैंकको निष्क्रिय कर्जा (एनपीएल) बढेर १.५८ प्रतिशत पुगेको छ । गत वर्ष यही अवधिसम्म एनपीएल ०.८३ प्रतिशत थियो। सीडी रेसियो ८५.४८ प्रतिशत रहेको बैंकको आधार दर ११.३७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको वार्षिकीकृत प्रतिसेयर आम्दानी (ईपीएस) बढेर १८.६५ रुपैयाँ कायम भएको छ। गत वर्ष यही अवधिमा ईपीएस १४.१५ रुपैयाँ रहेको थियो । बैंकको पीई रेसियो ११.०२ गुणा, प्रतिसेयर नेटवर्थ १५६.७४ रुपैयाँ र तरलता अनुपात २१.८३ प्रतिशत रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकको नाफा २.७१ अर्ब

राष्ट्रिय वाणिज्य बैंकले चालु आर्थिक वर्ष दोस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । समीक्षा अवधिसम्म बैंकले २ अर्ब ७१ करोड रुपैयाँ बढी नाफा आर्जन गरेको छ । गत वर्ष यही अवधिसम्म बैंकले १ अर्ब ९१ करोड रुपैयाँ नाफा आर्जन गरेको थियो । यस हिसाबले गत वर्षको तुलनामा समीक्षा अवधिमा नाफा ४१.२८ प्रतिशतले बढेको छ । यो अवधिसम्म बैंकको वितरणयोग्य मुनाफा १ अर्ब ८७ करोड रुपैयाँ रहेको छ । दोस्रो




त्रैमाससम्म बैंकले ३ अर्ब ८३ करोड रुपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको छ । गत वर्ष यही अवधिसम्म यस्तो मुनाफा २ अर्ब ४८ करोड रुपैयाँ रहेको थियो । सञ्चालन मुनाफा पनि ५४.३५ प्रतिशतले बढेको छ । समीक्षा अवधिसम्म बैंकले ६ अर्ब रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । गत वर्ष यही अवधिमा बैंकको यस्तो आम्दानी ४ अर्ब ५२ करोड रुपैयाँमा सीमित थियो । यो हिसाबले ब्याज आम्दानी ३२.७९ प्रतिशतले बढेको छ । चुक्तापुँजी १५ अर्ब ६३ करोड रुपैयाँ रहेको बैंकको रिजर्भको आकार ६.०१ प्रतिशतले बढेर १६ अर्ब ८२ करोड रुपैयाँको उचाइमा पुगेको छ । गत वर्ष यही अवधिसम्म रिजर्भमा १५ अर्ब ८७ करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिसम्म बैंकले २ खर्ब ८२ अर्ब रुपैयाँ निक्षेप संकलन गरी २ खर्ब १८ अर्ब रुपैयाँ कर्जा परिचालन गरेको छ । गत वर्ष यही अवधिसम्म बैंकले २ खर्ब ५८ अर्बरुपैयाँ निक्षेप संकलन गरी २ खर्ब १० अर्ब रुपैयाँ कर्जा परिचालन गरेको थियो । बैंकको निष्क्रिय कर्जा (एनपीएल) घटेर २.७९ प्रतिशत झरेकोछ । गत वर्ष यही अवधिसम्म एनपीएल ३.०६ प्रतिशत थियो । समीक्षा अवधिमा बैंकको वार्षिकीकृत प्रतिसेयर आम्दानी (ईपीएस) बढेर ३७.०५ रुपैयाँ कायम भएको छ । गत वर्ष यही अवधिमा ईपीएस ३२.१५ रुपैयाँ रहेको थियो ।

# कुमारी बैंकको नाफा १ अर्ब माथि, ईपीएस कति ?

एनसीसी बैंकलाई प्राप्ति गरेको कुमारी बैंकले चालु आर्थिक वर्ष दोस्रो त्रैमाससम्म १ अर्ब रुपैयाँ बढी नाफा आर्जन गर्न सफल भएको छ। शनिबार सार्वजनिक अपरिष्कृत वित्तीय विवरणअनुसार बैंकले १ अर्ब १ करोड रुपैयाँ बढी नाफा आर्जन गरेको हो । गत वर्ष यही अवधिसम्म बैंकले ९५ करोड १७ लाख रुपैयाँ रहेको छ । यो अवधिसम्म बैंकको वितरणयोग्य मुनाफा २२ करोड ४४ लाख रुपैयाँ रहेको छ । दोस्रो त्रैमाससम्म बैंकलाई १ अर्ब ५७ करोड रुपैयाँ सञ्चालन मुनाफा भएको छ । गत वर्ष यही अवधिसम्म यस्तो मुनाफा १ अर्ब ३६ करोड रुपैयाँमा सीमित थियो ।समीक्षा अवधिसम्म बैंकले ४ अर्ब २४ करोड रुपैयाँ खुद ब्याज आम्द ानी गरेको छ । गत वर्ष यही अवधिमा बैंकको यस्तो आम्दानी २ अर्ब ६२ करोड रुपैयाँ रहेको थियो । यो हिसाबले ब्याज आम्दानी ६१.६४ प्रतिशतले बढेको छ । चुक्तापुँजी २६ अर्ब २२ करोड रुपैयाँ रहेको बैंकको रिजर्भ बढेर १२ अर्ब ५ करोड रुपैयाँको उचाइमा पुगेको छ । गत वर्ष यही अवधिसम्म रिजर्भमा ४ अर्ब ३२ करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिसम्म बैंकले २ खर्ब ९९ अर्ब रुपैयाँ निक्षेप संकलन गरी २ खर्ब ७५ अर्ब रुपैयाँ कर्जा परिचालन गरेको छ ।

## अर्थ संसार

# आइएमई पेले फेरि ल्यायो मोबाइल रिचार्जमा ५% क्यासब्याक

आइएमई पेले मोबाइल रिचार्जमा ५ प्रतिशतसम्मको क्यासब्याक अफर पुनः सुचारु गरेको छ । यसभन्दा अघि ल्याइएको उक्त अफर ग्राहकको उच्च मागमा पुस ३० गतेबाट पुनः सुरु गरिएको हो । यस अफरमार्फत प्रयोगकर्ताले आइएमई पे एप दर्ता गरेको मोबाइल नम्बरमा मोबाइल ब्यालेन्स रिचार्ज गर्दा ५ प्रतिशत क्यासब्याक र अन्य कुनै मोबाइल नम्बरमा मोबाइल ब्यालेन्स रिचार्ज गर्दा २ प्रतिशत क्यासब्याक पाउने जानकारी सार्वजनिक गरिएको छ । हालसम्म ४० लाखभन्दा बढी प्रयोगकर्तालाई विद्युतीय भुक्तानी सेवा प्रदान गर्दै आइरहेको आइएमई पेले सो अफर आफ्नो सम्पूर्ण ग्राहकलाई समर्पित गरेको छ । कम्पनीले यस अफरको नियम तथा सर्तस्वरुप हरेक प्रयोगकर्ताले १ महिनाको समय अन्तरालमा आफ्नो मोबाइल नम्बरमा ब्यालेन्स रिचार्ज गर्दा अधिकतम रु. १०० क्यासब्याक र अरु मोबाइल नम्बरमा




ब्यालेन्स रिचार्ज गर्दा अधिकतम रु. १०० क्यासब्याक प्राप्त गर्न सकिने जानकारी पनि दिएको छ ।

'आइएमई पे' आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित एक विद्युतीय भुक्तानी सेवा प्रदायक ब्रान्ड हो। 'आइएमई पे' आइएमई ग्रुपअन्तर्गतको डिजिटल वित्तीय सेवाप्रदायक उत्पादन हो। नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट विनियमावली, २०७२ बमोजिम आइएमई डिजिटलले दूरसञ्चार सञ्जालका माध्यमबाट मोबाइल वालेट सेवा प्रदान गर्ने अनुमति प्राप्त गरेको हो। यस्तो अनुमति पाउने आइएमई डिजिटल देशकै पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी हो । आइएमई डिजिटल सोलुसनले 'आईएमई पे' ब्रान्डअन्तर्गत मोबाइल वालेट सेवा उपलब्ध गराउँदै आइरहेको र यसको मद्दतबाट सेवाग्राही आफैंले अथवा एजेन्टहरुको सहयोग लिएर मोबाइलमार्फत विभिन्न किसिमका भुक्तानीसम्बन्धी कार्य गर्न सक्छन्। यसले व्यक्ति-व्यक्तिबीच हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरुमा क्यूआरमार्फत भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिलहरु भुक्तानीमा सेवा प्रदान गर्दै आइरहेको छ ।

आइएमई डिजिटल सोलुसनले बैंकको सुविधाबाट वञ्चित तथा न्यून बैंकिङ सुविधा प्राप्त नेपालीलगायत सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तीय सेवाको पहुँच उपलब्ध गराएर नेपालको वित्तीय समावेशीकरणमा योगदान पुर्याउने लक्ष्य लिएको छ। यस सेवाअन्तर्गत वालेटमा ब्याज र क्यासब्याक सुविधासहित विभिन्न प्रकारका बिल भुक्तानी एवं जुनसुकै बैंकका खातामा रकम पठाउन मिल्ने विश्वसनीय वित्तीय सेवासमेत समावेश गरिएको छ ।

१५ लाखभन्दा बढी ग्राहकलाई प्रत्यक्ष रुपमा 'आइएमई पे' सेवामा आबद्ध गरी आफ्नै मोबाइल तथा आइएमईका व्यावसायिक साझेदार सञ्जालमार्फत लाखौं सेवाग्राहीलाई विद्युतीय भुक्तानी सेवा दिन यो कम्पनी सक्षम रहिआएको छ ।

# शाइन रेसुंगा डेभलपमेन्ट बैंकको नाफा २३.१८ प्रतिशतले वृद्धि

शाइन रेसुंगा डेभलपमेन्ट बैंकले चालु आर्थिक वर्षको दोस्रो त्रैमासम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । समीक्षा अवधिमा बैंकले ४२ करोड ९६ लाख रुपैयाँ बढी नाफा आर्जन गरेको छ । गत वर्ष यही अवधिसम्म बैंकले ३४ करोड ८८ लाख नाफा आर्जन गरेको थियो । यस हिसाबले गत वर्षको तुलनामा समीक्षा अवधिमा नाफा २३.१८ प्रतिशतले बढेको छ । यो अवधिसम्म बैंकको वितरणयोग्य मुनाफा १० करोड ९४ लाख




रुपैयाँ रहेको छ । दोस्रो त्रैमाससम्म बैंकले ६१ करोड ७९ लाख रुपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको छ । गत वर्ष यही अवधिसम्म यस्तो मुनाफा ४९ करोड ८३ लाख रुपैयाँ रहेको थियो। सञ्चालन मुनाफा पनि २३.९९ प्रतिशतले बढेको छ । समीक्षा अवधिसम्म बैंकले १ अर्ब ५ करोड रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । गत वर्ष यही अवधिमा बैंकको यस्तो आम्दानी ८० करोड ८५ लाख रुपैयाँमा सीमित थियो। यो हिसाबले ब्याज आम्दानी ३०।४३ प्रतिशतले बढेको छ । चुक्तापुँजी ४ अर्ब २८ करोड रुपैयाँ रहेको बैंकको रिजर्भको आकार ३१.०४ प्रतिशतले बढेर १ अर्ब ४३ करोड रुपैयाँको उचाइमा पुगेको छ । गत वर्ष यही अवधिसम्म रिजर्भमा १ अर्ब ९ करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिसम्म बैंकले ४९ अर्ब ४८ करोड रुपैयाँ निक्षेप संकलन गरी ४० अर्ब ४५ करोड रुपैयाँ कर्जा परिचालन गरेको छ । गत वर्ष यही अवधिसम्म बैंकले ४३ अर्ब २७ करोड रुपैयाँ निक्षेप संकलन गरी ३४ अर्ब ४७ करोड रुपैयाँ कर्जा परिचालन गरेको थियो । बैंकको निष्क्रिय कर्जा ९एनपीएल० बढेर १.३१ प्रतिशत पुगेको छ । गत वर्ष यही अवधिसम्म एनपीएल ०.९८ प्रतिशत थियो। समीक्षा अवधिमा बैंकको वार्षिकीकृत प्रतिसेयर आम्दानी ईपीएस बढेर २०.०६ रुपैयाँ कायम भएको छ । गत वर्ष यही अवधिमा ईपीएस १८.४५ रुपैयाँ रहेको थियो । पीई रेसियो १७.२१ गुणा रहेको बैंकको प्रतिसेयर नेटवर्थ १३६.२१ रुपैयाँ रहेको छ ।

# संजय साई बाबाको ३५औं जन्मोत्सव

काठमाडौं । लाखौं साई भक्तहरूको आस्थाको केन्द्र संजय साई बाबाको ३५ औं जन्मोत्सवको पावन अवसरमा सत्य साई सेवा अर्गनाइजेसनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा लामो समयदेखि योगदान पुऱ्याउनु भएका विशिष्ट व्यतित्वलाई सत्य साई अन्तर्राष्ट्रिय अवार्डद्वारा सम्मान गरेको छ ।

यसरी सम्मानित हुनेहरूमा वरिष्ठ कलाकार हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, शिवसुन्दर श्रेष्ठ, मिथिला शर्मा, पूर्जा शर्मा, सितार बादक शुसान थापा, शुसिल अमात्य, गायक सत्यराज आचार्य, स्वरूप राज आचार्य रहनु भएको छ ।

यस्तै सो समारोहमा प्रोफेसर यशोधा पन्त, प्रोफेसर कान्ता भट्टराई, डा. माधव मंगल जोशी, प्रोडा धनबहादुर कुँवर, डा. भोला रिजाल, डा. गुनबहादुर थापा, श्यामसुन्दर धवडेल, भद्राकुमारी घले, अस्मिता भण्डारी रहनु भएको छ ।

संजय साई बाबाको ३५औं जन्मोत्सव को अवसरमा सत्य साई सेवा अर्गनाइजेसनले यही पुस २ गते देखि बृहत् ३५ दिने विभिन्न परोपकारी तथा सामाजिक कार्यहरू गर्दै आइरहेको छ । अर्गनाइजेसनले यही माघ २ गते महिला दिवस आश्रमले हरेक महिनाको दुई गते मनाउने को अवसरमा आर्थिक रुपमा बिपन्न महिलाहरूलाई स्वरोजगार बनाउने उद्देश्यले सिलाइ बुनाइ मेसिन हस्तान्तरण गरिएको थियो ।

भने ७० वर्ष भन्दा माथि उमेर हुनु भएका ३५ जना ज्येष्ठ नागरिकलाई विशेष सम्मान गरिएको थियो ।

संजय साई बाबाको ३५औं जन्मोत्सव यही माघ ६ गते काठमाडौंको सानोगौचरनमा विशेष कार्यक्रमगरी मनाइँदै छ ।



उक्त कार्यक्रममा देश तथा विदेशबाट विशिष्ट अतिथिको उपस्थिति रहने संस्थाका अध्यक्ष अम्बिर केसीले जानकारी गराउनु भयो ।

# बेलायतले अनलाइनबाट कसरी जोगाउँदै छ बालबालिका ?

काठमाडौं । लन्डन पछिल्लो समय विश्वव्यापी रूपमा अनलाइन प्रयोगकर्ताहरू बढेसँगै उनीहरूको सुरक्षा चासो पनि बढेको छ । विशेषगरी बालबालिकालाई अनलाइन प्लेटफर्ममा सुरक्षा प्रदान गर्न कैयौं देशले नयाँ कानुनहरू कार्यान्वयनमा पनि ल्याएका छन ।

बेलायतमा करिब चार वर्षमा चार प्रधानमन्त्री र पाँच जना गृहमन्त्री परिवर्तन भए । यद्यपि, ब्रिटिस सांसदहरू यो साता अनलाइन प्रयोगकर्ताहरूको सुरक्षा प्रदान गर्न नसक्ने प्रविधि कम्पनीका मालिकहरूलाई ठूलो जरिवाना र कानुनी दायरामा ल्याई जेलसमेत पठाउन सकिने एक विधेयक पारित गर्न सहमतिमा पुगे । बेलायतको 'अनलाइन सुरक्षा विधेयक' परिमार्जनकै एउटा हिस्सा थियो त्यो सहमतिरु। कम्पनीका वरिष्ठ अधिकारीहरू नियम कार्यान्वयनमा चुकेको खण्डमा कारबाहीको भागीदार हुने प्रस्तावमा सांसदहरू सहमत भए पनि प्रधानमन्त्री ऋषि सुनक र उनको सरकार भने यस विरुद्ध रहेका बेलायती सञ्चारमाध्यमले जनाएका छन । 'अनलाइन सेफ्टी बिल' बेलायतको इन्टरनेट सुरक्षा कानुनको एउटा महत्त्वपूर्ण अंग मानिएको छ । यो विधेयक आफ्ना प्रयोगकर्तालाई गैरकानुनी सामग्री र गतिविधि जस्तै पोर्नोग्राफी, फ्रड छलकपट आदिबाट बचाउन प्रविधि कम्पनीहरूलाई कानुनी दायित्वमा बाँध्ने परिकल्पना गरिएको हो । विधेयकले प्रविधि कम्पनीहरूलाई सबै गैरकानुनी सामग्री हटाउन, प्रयोगकर्ता अनिच्छुक भएको सामग्री हेर्नबाट रोक्न र विशेषगरी १८ वर्षमुनिका बालबालिकाले आत्महत्या गर्न प्रेरित गर्ने, पोर्न तथा अन्य घातक सामग्री हेर्नबाट जोगाउने अपेक्षा छ ।

विधेयक मस्यौदाले यूके मिडिया वाचडग 'अफकम' लाई प्रविधि कम्पनीहरूलाई जवाफदेही बनाउन नाम प्रस्ताव गरेको छरु। प्रविधि कम्पनीले गल्ती गरे १८ मिलियन पाउन्ड वा वार्षिक राजस्वको १० प्रतिशतसम्म जरिवाना गर्न विधेयकले 'अफकम' लाई अधिकार दिएको छ । यतिमात्र होइन, अनैतिक खालका सामग्री नहटाए साइट ब्लक गर्न र सेवा नै बन्द गरिदिन सक्ने अधिकार पनि अफकमलाई हुनेछ ।

उक्त विधेयकको मस्यौदा पहिलो पटक २०२१ को मे महिनामा प्रकाशित भएको थियो । पहिले 'अनलाइन हार्मस् बिल' भनिने उक्त विधेयक २०१९ को सरकारले ल्याएको थियो । अनलाइनमा घातक सामग्री नियन्त्रण र विशेषगरी बालबालिकालाई यसबाट जोगाउन विधेयक ल्याइएको थियोरु। कोभिड महामारी र बेलायतको राजनीतिक उथलपुथलका कारण केही ढिलाइ भए पनि तत्कालीन प्रधानमन्त्री बोरिस जोन्सनको पालामा यसलाई पुनः ल्याइएको हो ।

# फोर्स मोटर्सको आधुनिक पार्टपुर्जा बिक्री केन्द्र पोखराको चाउथेमा खुल्यो

काठमाडौं । फोर्स मोटर्सको आधिकारिक बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रा.लि ले आफ्ना ग्रहाकहरुलाई विक्री पछिको आधुनिक सेवा सुविधा तथा पार्ट पुर्जाहरुको सेवा दिने उदेश्यले अन्तराष्ट्रियस्तरको आधुनिक सर्भिस सेन्टर पोखराको चाउथेमा सञ्चालनमा ल्याएको छ । उक्त सर्भिस सेन्टर नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल तथा हिमालय अर्गनाइजेसनका अध्यक्ष ध्रुब बहादुर थापा, फोर्स मोटर्सका अन्तराष्ट्रिय बिक्री प्रबन्धक सुनिल संक तथा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एशोसिएशनका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठले संयुक्त रुपमा रिबन काटी उद्घघाटन गरेका हुन् । यस अगाडी चाउथेमा सञ्चालित फोर्स मोर्टसको सोरुम संचालनमा आइसकेको छ । फोर्सका ग्रहाकले सर्भिस सेन्टरमा आएर अत्याधुनिक सेवा सुविधा सहित गाडी मर्मत गर्न सक्नेछन् । करिब ७ रोपनी जग्गामा सर्भिस सेन्टर फैलिएको छ । गाडी बिक्री पछिको स्पेयर्स तथा सर्भिस सेन्टर एकै ठाउँबाट छिटो छरितो र आधुनिक सेवा दिने उदेश्य राखिएको जानकारी उक्त आयाम इन्टरकन्टिनेन्टल प्रा.लि.का प्रबन्ध निर्देशक निरन के.सी ले जानकारी दिएका छन् । बिगत आठ वर्षदेखि आयाम इन्टरकन्टिनेन्टल प्रा.लि.ले नेपालमा फोर्स ब्राण्डका गाडीहरु आयात तथा बिक्री वितरण गर्दै आइरहेको छ । फोर्स मोटर्सले नेपालमै सबैभन्दा बढी सिट क्षमता भएको १४ सिटे जिप बिक्री बितरण गर्दै आइरहेको छ । साथै फोर्सका पिकअप भ्यान, स्कुल बस, माइक्रो बस तथा उच्चस्तरीय एम्बुलेन्स पनि नेपाली बजारमा लोकप्रिय छन् । काठमाण्डौंको गैरीधारामा तथा इटहरीमा आफ्नै शाखा रहेको छ । देशभर २२ वटा डिलर नेटवर्कबाट फोर्सको बिक्री तथा बिक्री पछिको सेवा उपलब्ध गराउँदै आइरहेको छ । यस आयाम इन्टरकन्टिनेन्टल प्रा.लि.ले फोर्स मोटर्सका नयाँ मोडलका बस तथा जिपहरु समेत नेपाली बजारमा छिट्टै ल्याउन लागेको छ भने केही समय अघि मात्रै गुर्खा ( न्चच्ज्ӨѺ जिप नेपाली बजारमा ल्याएको थियो ।

# खेलकुद

## नेपाल टी-२० लिगमा स्पट फिक्सिङ : आदिल अन्सारी र महबुब आलम पक्राउ

नेपाल टी-२० क्रिकेट लिगमा स्पट फिक्सिङमा संलग्न भएको आरोपमा दुई जना खेलाडी पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीले राष्ट्रिय टोलीका सदस्य समेत रहेका आदिल अन्सारी र राष्ट्रिय टोलीका पूर्व खेलाडी महबुब आलमलाई पक्राउ गरेको हो । आदिल अन्सारीले गएको जेठमा अमेरिकासँगको खेलबाट राष्ट्रिय टोलीमा डेब्यु गरेका थिए । दुवै खेलाडीले स्पट फिक्सिङको योजना अनुसार काम गरेको सीआईबीको दाबी छ । उनीहरुले नेपाल टी-२० क्रिकेटको व्यापारिक अधिकार पाएको सेभेन थ्रि स्पोर्ट्सका मालिकको योजनालाई सहयोग गरेको देखिएको प्रहरीले जनाएको छ । सीआईबीले बेलैमा एक्सन लिएका कारण खेल मिलेमतो अर्थात म्याच फिक्सिङ हुन नपाएको तर स्पट फिक्सिङ भने भएको सीआईबीले जनाएको छ । नेपाल क्रिकेट सङ्घ क्यानको आयोजनामा विदेशी खेलाडी समेतको सहभागितामा गएको पुस ९ देखि २७ गतेसम्म काठमाण्डौमा नेपाल टी-२० क्रिकेट लिग भएको थियो । खेल मिलमतोको आशङ्का भएपछि सीआईबीले प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीको संयोजकत्वममा ५ सदस्यीय छानबिन समिति बनाएको थियो । पूरै खेलमा मिलेमतो गरेका प्रमाण कम रहेको तर क्याच आउट, रन आउट, चौका, छक्का लगायतका विषयमा खेलका अफिसियलसमेत मिलेमतोमा जोडिएको सीआईबीले जनाएको छ ।

## साफ च्याम्पियनसिप असारमा गर्ने प्रस्ताव

काठमाण्डौ । बङ्लादेशमा हुने १४औं संस्करणको पुरुष साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता आउँदो असारमा गर्न प्रस्ताव गरिएको छ । दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) ले प्रतियोगिता असार ५ गतेदेखि १८ गतेसम्म गर्न प्रस्ताव गरेको हो । साफको प्रस्तावमा छलफल चलिरहेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का महासचिव किरण राईले जानकारी दिएका छन् । १४औं संस्करणको साफ च्याम्पियनसिपमा नेपालसहित ७ देशको सहभागिता हुनेछ । माल्दिभ्समा भएको अघिल्लो संस्करणमा भुटान र पाकिस्तान सहभागी थिएनन् । १३औं साफ च्याम्पियनसिपमा भारत विजेता र नेपाल उपविजेता बनेको थियो ।

## इङ्लिस प्रिमियर लिग फुटबल : आर्सनल विजयी, म्यानचेस्टर युनाइटेड पराजित

काठमाण्डौ - इङ्लिस प्रिमियर लिग फुटबलमा शीर्ष स्थानको आर्सनल विजयी भएको छ । गएराति भएको खेलमा आर्सनलले म्यानचेस्टर युनाइटेडलाई ३-२ गोल अन्तरले पराजित गरेको हो । इमिरेट्स स्टेडियममा भएको खेलमा सुरुआती अग्रता बनाए पनि त्यसलाई कायम राख्न नसक्दा युनाइटेड पराजित भयो । खेलको १७औं मिनेटमा मार्कस रासफोर्डले गोल गर्दै युनाइटेडलाई सुरुआती अग्रता दिलाएका थिए । तर, खेलको २४औं मिनेटमा एड्डी एनकेटीहले गोल गर्दै आर्सनललाई १-१ गोलको बराबरीमा ल्याए । यस्तै, खेलको ५३औं मिनेटमा बुकायो साकाले गोल गर्दै आर्सनललाई २-१ को अग्रता दिलाए ।

खेलको ५९औं मिनेटमा युनाइटेडका लिसान्द्रो मार्टिनेजले गोल गर्दै खेललाई २-२ को बराबरीमा ल्याए । खेलको इन्जुरी समयमा आर्सनलका एनकेटीले दोस्रो गोल गर्दै ३-२ को जित दिलाए । जितसँगै आर्सनलले १९ खेलमा ५० अङ्क जोडेको छ । दोस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीको २० खेलमा ४५ अङ्क छ । म्यानचेस्टर युनाइटेड भने २० खेलमा ३९ अङ्क जोडेर चौथो स्थानमा रहेको छ ।

## १९ वर्षमुनिको विश्व कप छनोटमा नेपालले पहिलो खेल सिंगापुरसँग खेल्ने

काठमाण्डौ । नेपालले आउँदो महिना यूएईमा हुने आईसीसी १९ वर्षमुनिको विश्व कप छनोटमा पहिलो खेल सिङ्गापुरसँग खेल्ने भएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले छनोटमा नेपालले खेल्ने खेल तालिका सर्वजनिक गरेको छ । नेपालले पहिलो खेल फागुन १२ अर्थात् फेब्रुअरी २४ मा सिङ्गापुरसँग खेल्नेछ । दोस्रो खेल फागुन १३ मा कुबेतसँग खेल्नेछ । त्यस्तै फागुन १५ मा हङकङसँग खेल्नेछ । फागुन १६ मा मलेसियासँग खेल्नेछ । त्यसपछि नेपालले दुई दिन विश्राम गर्नेछ । अन्तिम खेल फागुन १८ मा यूएईसँग खेल्नेछ । नेपाल प्रतियोगिताको शीर्ष स्थानमा रहन सके सन् २०२४ मा श्रीलङ्कामा हुने १९ वर्षमुनिको विश्व कप खेल्न पाउनेछ । टोलीको मुख्य प्रशिक्षक जगत टमाटा रहेका छन् । नेपालले १४ सदस्यीय टोलीको पनि घोषणा गरेको छ । तर कप्तानको टुङ्गो लागेको छैन ।

सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

मैन कुमार मुक्तान
अध्यक्ष

असली माया तामाङ
प्रमुख प्रशासकीय अधिकृत

दोरम्बा शैलुङ गाउँपालिका
टोकरपुर, रामेछाप, बागमती प्रदेश

सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

ठुलोकान्छा तामाङ
अध्यक्ष

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका
हिलेदेवि, रामेछाप, बागमती प्रदेश

## राष्ट्र......

अवस्थामा ल्याउनु पर्ने अर्थात ७५ प्रतिशत नै कायम गर्ने, बैकहरुबाट निजी सवारी साधनको Hire Purchase Loan प्रवाह गर्ने प्रकियामा Loan तय Value Ratio को हालको सिमा ५० प्रतिशतबाट वृद्धि गरिनु पर्ने लगायतका महत्वपूर्ण विषयहरुमा सम्बोधन नभएसम्म नेपालको अटोमोवाइल व्यवसाय चलायमान हुन नसक्ने र त्यसको प्रत्यक्ष नकारात्मक प्रभाव देशको राजश्वमा परिरहने देखिएकोले उल्लेखित विषयहरुमा पनि सम्बोधन हुदै जादै अपेक्षा हामीले राखेका छौ । नाडाले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ । साथसाथै चालु पुंजी कर्जा सम्बन्धी निर्देशिकामा भएका केही अव्यावहारिक बुंदाहरुलाई समेत तत्कालै संशोधनका लागि नेपाल राष्ट्र बैंकसंग हार्दिक अनुरोध गर्दछौं । भनिएको छ ।

## राष्ट्रपतिको...

बिजयी हाशिल गर्न सक्ने सम्भावना भने कम छ ।

**प्रचण्डको हेभीवेट अभिव्यक्तिले दलहरुमा खैलाबैला ?**

प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपति हेभीवेट हुनुपर्छ भन्दै एक कार्यक्रममा बताएपछि सत्तासाझेदार दलहरुमा खैलाबैला भएको छ । प्रधानमन्त्री दाहालले जास्तो पायो त्यस्तै राष्ट्रपति बनाउनु हुदैन राष्ट्र प्रमुख जस्तो गरिमामय पदमा राष्ट्रिय हितलाई सम्बोधन गर्न सक्ने बनाउनुपर्ने आशय आएको थियो कतिपयले चै उक्त प्रधानमन्त्रीको अभिव्याक्तिले पुर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई राष्ट्रपति बनाउन सकिन्छ कि भन्ने आशय आएको बुझेर एमाले, स्वतन्त्र पार्टी, राप्रपा लगायतका नेताहरुले खैलाबैला गरेका थिए । तर एमालेसँग सरकार बन्नुभन्दा अगाडी नै आन्तारिक सम्झौतामा एमालेवाट सिफारिस भएको व्याक्तिलाई राष्ट्रपतिमा सहयोग गर्नुपर्ने बाध्यता पनि प्रधानमन्त्री सामु छ ।

त्यसैले एमालेवाट सिफारिस भएकै व्याक्ति राष्ट्रपति हुने सम्भावना छ । तर डा.बाबुराम भट्टराईलाई राष्ट्रपति बनाएपनि राष्ट्रको अहित भईहाल्छ भन्ने पनि होइन । गणतन्त्रले जनताालाई धेरै सुविधा नदिएपनि गणतन्त्र स्थापना गर्न र संविधान जारी गर्न यिनै बाबुराम भट्टराईले संयोजकको भुमिका निर्वाह गरेका थिए । एमालेवाट सुवासचन्द्र नेम्वाङलाई अगाडी सार्न लागिएको संकेत यो भन्दा अगाडी नै आईसकेको छ । उत्ता प्रतिनिधिसभामा आफ्नै गृह जिल्ला इलामवाट एकीकृत निर्वाचनमा पराजित भएका पुर्व प्रधानमन्त्री झलनाथ खनाललाई एमालेमा ल्याएर राष्ट्रपति बनाउने तयारी भईराखेको पनि चर्चा आएको छ । यि तिनै जना मध्य जो भएपनि राष्ट्रको हितमा हुने वेटका व्यक्तिहरु नै हुन् । तर कार्यक्षमताको आधारमा कुन फष्ट हुन्छन् । त्यो चै सत्ता साझेदार दहहरुमा भरपर्छ र पार्टी फरक हुदैम खासै फरक पर्दैन मात्र पदीय स्वार्थ र पार्टीको हुनमान खोज्ने कुरा मात्र होला किनकी झलनाथ खनाल वर्तमान नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली भन्दा झलनाथ खनाल अगाडी नेकपा (माले) कालीन इतिहासमा स्थाई कमिटी सदस्य पहिला भएका हुन् । भने डा. बाबुराम भट्टराई सुभासचन्द्र नेम्वाङको पनि उत्तिक्कै कम्युनिष्ट आन्दोलनका योग्य व्यक्तिहरु हुन् ।

तर एमाले पार्टीको शुत्रका अनुसार माथि उल्लेखित व्याक्तिभन्दा पनि बाहिरवाट अन्य कोही राष्ट्रपतिमा सिफारिस हुने सम्भावना रहेको बताइएको छ । बाहिरवाट ल्याएपनि हेभिवेट नै राष्ट्रपति आउने छन् भन्ने चर्चा छ । अहिले नै राष्ट्रपति यो भईहाल्छ भनेर भन्न सक्ने अवस्था छैन । अनुमान गरेर गर्ने गफहरु हुनसक्छन् ।

तर निर्णय त राजनीतिक दलहरुले नै गर्ने हुन् । त्यसमा पनि देश र जनताको हितमा काम गर्न सक्ने राष्ट्रलाई माया गर्ने देशभक्त भावनाले ओतप्रोत भएको व्यात्तित्व राष्ट्रपति भएमा राष्ट्रलाई आईपर्ने संकटहरुमा नेतृत्व गर्ने आट गर्न सक्षम हुन्छन् । यस्ता अनुभवी व्यत्तित्व राष्ट्रपति हुन भन्ने जन चाहना नेपालीहरुको रहेको छ ।

## नेपाल.....

संघका नेतृत्वमा पुगेको व्यक्तिहरु संघको नाम लिएर आफु अनुकुलका काम गराउन तल्लिन भएको देखियो जसका कारण सरकारले व्यवसायीका कुनै पनि माग सुनुवाई नगरी समस्यमा पार्ने काम मात्रै गर्यो,' भण्डारीले भने, 'अबका दिनमा व्यवसायीका मुद्दा उठाई समस्या समाधान गर्न म नेतृत्वको व्यवसायीक समुहलाई साथीहरुले विजयी गराउनुभएको छ ।' हामीले तीन महिनाभित्र परिणाम आउनेगरी काम गर्छौ भनेका छौ । परिणाम ल्याउने पनि बताएका छन् । वैदेशिक रोजगार ऐन तथा नियमावलीमा राखिएको फ्री भिसा तथा फ्रि टिकट, घरेलु कामदार कार्यबिधि २०७२ का बिभिन्न अव्यवहारिक सरकारी एवम् प्रशासनिक निर्णयहरु र निहित स्वार्थका कारण वैदेशिक रोजगार व्यवसाय क्षेत्रमा समस्या देखिनुका साथै सीमित व्यक्तिका निहित स्वार्थले सिण्डीकेट लागू गर्न खोजिएको छ । यस्ता गलत पात्र, प्रबृति, नेतृत्व र निर्णयहरुलाई सच्याउँदै व्यवसायिक यात्रालाई समयानुकूल बनाउन पहल गर्ने उनले बताए । सरकारले एकतर्फी रुपमा म्यानपावर कम्पनीको धरौटी वृद्धि गर्दै न्यूनतम २ करोडदेखि ६ करोड रुपैयाँसम्म राख्नुपर्ने व्यवस्था गरेका कारण व्यवसायीमाथि ठूलो आर्थिक भार पर्न गई कतिपय व्यवसायीनै पलायन हुनुपर्ने अवस्था आएको छ । यसैगरी वार्षिक न्यूनतम १ सय जना कामदार पठाउनु पर्ने व्यवस्था समेत अब्यवहारिक छ । उक्त नीति नियम परिमार्जन गरी व्यवसायी मैत्री बनाउन समेत आफ्नो नेतृत्वले काम गर्ने भण्डारीले बताए ।

यस्तो थियो भण्डारी प्यानलको चुनावी प्रतिबद्धता

१. वै.रो.ऐन(२०६४ को थप परिमार्जन गरि व्यवसायी तथा श्रमिक मैत्री बनाउन ।

द्रष्टव्य : रोजगार सम्झौताको आधारमा अन्तिम स्वीकृति दिनुपर्ने र मागपत्र दूताबासबाट अनिवार्य प्रमाणिकरणको व्यबस्था हटाउन बिशेष जोड दिन ।

२. दश हजार सेवा शुल्कको निर्णय खारेज गरी अर्न्तराष्टिूय प्रचलन अनुसार कामदारले पाउने १ महिनाको तलब बराबरको रकम व्यवसायीले सेवा शुल्क बापत लिन पाउने व्यवस्था गर्न ।

३. बार्षिक १०० जना श्रमिक अनिवार्य पठाउनु पर्ने अव्यवहारिक कानूनी प्राबधानलाई हटाउन ।

४.सार्क मुलुकहरु सरह नेपाली श्रमिकहरुले पनि रोजगारदाता कम्पनीले हवाई टिकट नदिएको अबस्थामा श्रमिकले नै हवाई टिकट बापतको खर्च तिरेर रोजगारीमा जान पाउने व्यवस्था गर्न ।

५. गाम्का नेपाल तथा मलेशिया बायोमेट्रिक्स लगायत श्रमिकको स्वास्थ्य परिक्षण गर्ने संस्थाहरुले श्रमिकहरुलाई पार्ने उच्च आर्थिक भारलाई न्यूनिकरण गर्न ।

६. व्यवसायी कल्याणकारी कोषको स्थापना गर्ने प्रकृयालाई अबिलम्ब कार्यान्वयनमा लान ।

७. दुताबास नभएका युरोपियन लगायतका मुलुकहरुमा चेम्बर अफ कमर्स, मोफा वा नोटरी पब्लिकको प्रमाणिकरणको आधारमा मागपत्र स्वीकृतिको लागि पहल गर्ने ।

८. सम्पूर्ण रोजगारदाता मुलुकहरुसँग (घरेलु कामदार तथा संगठित क्षेत्र) श्रम सम्झौता गर्नका लागि नेपाल सरकारलाई जोडदार दवाब दिन ।

९. रोजगारदाता मुलुकहरुसँग श्रम सम्झौता गर्नका लागि उच्च स्तरीय कूटनीतिक भ्रमणको लागि समन्वयात्मक भूमिका निर्वाह गर्न ।

१०. घरेलु कामदार कार्यबिधि( २०७२ लाई परिमार्जन गरी कामदार र व्यवसायी मैत्री बनाउन ।

११. सम्झौता अनुसार कार्य नगर्ने रोजगारदाता कम्पनी र विदेशी रिक्रुटिङ एजेन्सीलाई कालो सुचीमा राख्ने व्यवस्था गर्न ।

१२. खाडी मुलुकहरुमा नेपाली कामदारले पाउने न्युनतम पारिश्रमिकमा एकरुपता ल्याउन ।

१३. भिषा प्राप्त गरेका कामदार आफ्नै कारण रोजगारीमा नगएमा त्यस्ता कामदारबाट क्षतिपूर्ति बापत रकम असुल उपर गर्ने लगायत कामदारको दायित्व किटान गर्न ।

१४. स्वास्थ्य परिक्षण असफल भई फर्किएका कामदारको क्षतिपूर्ति (भिषा, टिकट शुल्क आदि) स्वास्थ्य परिक्षण संस्था मार्फत क्षतिपूर्ति दिलाउन ।

१५. राहदानी लिनु पूर्व वैदेशिक रोजगार सम्बन्धि प्रि अप्रेशन सम्बन्धित जिल्ला वा प्रदेशमा नै व्यवस्था गर्न ।

१६. संघीय नियम कानून कामदार र व्यवसायी मैत्री बनाउन ।

१७. वै.रो. व्यवसायीले स्वदेशमा समेत कामदार आपुर्ति गर्न पाउने ईजाजतपत्रको व्यवस्था गर्न/गराउन ।

१८. ईजरायल लगायतका मुलुकहरुमा व्यवसायी संस्था मार्फत कामदार आपूर्ति गर्ने व्यवस्था गर्न ।

१९. युटुबरका नाममा भएका व्यवसायी बिरोधी हर्कतलाई निस्तेज गर्न ।

२०. परिमार्जित वैदेशिक रोजगार नीतिका लागि प्रयत्न गर्न ।

२१. सम्पूर्ण ईजाजतपत्र प्राप्त संस्थाहरुबाट वैदेशिक रोजगारीका लागि जापानमा नेपाली श्रमिकहरु आपूर्ति गर्ने व्यवस्था मिलाउन पहल गर्ने ।

२२. नेपाल स्थित साउदी दूताबासद्वारा आइडी कार्ड तथा भिसा स्ट्याम्पिङमा भएका झण्झटिलो प्रकृयालाई छिटो छरितो गर्न ।

## आत्महत्या......

सकिन्छ । जस्तै स् महिला शिक्षा तथा सशक्तीकरण अभियानको संचालन गर्ने, वैदेशिक रोजगारीलाई निरुत्साहित गरि रोजगारी सिर्जना गर्ने, घरेलु लैंगिक र असमान व्यवहार तथा हिंसा नगर्ने, पारिवारिक मेलमिलाप राख्न प्रयास गर्ने, झैझगडा र खिचातानी हुन नदिने, सबैलाई समान व्यवहार ९परिवार, समाज र विद्यालय० गर्ने, कसैलाई पनि सामाजिक बहिष्कार नगर्ने, सामाजिक सद्भाव कायम गर्ने लगायतका कार्यहरू गर्न सकेमा यसलाई न्यूनीकरण गर्न सकिन्छ ।

त्यसैगरी घटना न्यूनीकरणको लागि नगरपालिका, गाउँपालिका, वडा कार्यालय, अन्य सरकारी तथा गैरसरकारी एवम् सामाजिक संघसंस्था, विद्यालय तथा क्याम्पसहरुसमेतको सहयोग तथा समन्वयमा विभिन्न चेतनामूलक प्रशिक्षण कार्यक्रमहरुको संचालन गर्ने, गाउँघर तथा टोलटोलमा घरदैलो कार्यक्रम संचालन गर्ने, असाहाय, गरिब, निमुखा र अशिक्षितहरु लाई निःशुल्क र परोपकारी भावले सहयोग गर्ने, योग तथा ध्यानकेन्द्रहरु संचालन गर्ने, युवायुवतीलाई दुर्व्यवसनीबाट टाढा राख्न चेतनामूलक कार्यक्रम संचालन गर्न सकेमा पक्कै पनि नेपालमा बढ्दो रूपमा रहेको आत्महत्याको विकराल अवस्थालाई केही हदसम्म भएपनि न्यूनीकरण गर्न सकिन्छ । हामीले देखेका छौँ समाजका धेरै प्रतिष्ठित मानिस तथा राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान बनाएका धेरै मानिसहरुले पनि सहज तरिकाले आत्महत्याको बाटो रोजेका छन् । त्यसमा कतिले परिबन्ध वा दुरुत्साहनको कारणले पनि गरेका हुन सक्छन् । तर जीवनको यथार्थतालाई नबुझेर संघर्षको बाटो त्यागेर जीवन विसर्जन नै अन्तिम सत्य हो भन्ने ठानी अल्पायुमै आत्महत्याको बाटो रोज्नुलाई कदापि उचित मान्न सकिदैन । नेपाल तथा भारतका कतिपय नायक नायिकाहरुले पनि सहज तरिकाले आत्महत्याको बाटो रोजेको हामीले सुनेका छौँ । भलई त्यसका पछाडि दुरुत्साहनको कारण पनि हुन सक्छ । तर कानुनी उपचार हुने अवस्था हो भने कानुनी उपाय अवलम्बन गरि पीडाबाट मुक्त भई जीवन सार्थक बनाउन पर्नेमा विसर्जन गर्नुलाई कसैगरी पनि उचित कार्य मान्न सकिदैन । व्यक्ति, समाज तथा अन्य सरोकारवाला निकायहरू बिचम सहकार्यकासाथ कार्यक्रम संचालन गरेर समाजको तल्लो तहसम्म सूसुचित गर्न सकेको खण्डमा पक्कै पनि यसलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरामा आशा गर्ने ठाउँ बाँकी रहन्छ ।

लेखक : भोजराज पाण्डेय (जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी नायब उपरीक्षक हुनुहुन्छ)

## अवैध लागूऔषध सहित पक्राउ

झापा, बुद्धशान्ति गाउँपालिका-३ बुधबारे बजारबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने खैरो लिसाईलो पदार्थ ५ ग्राम १ सय १० मिलिग्राम सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बुद्धशान्ति गाउँपालिका-३ बस्ने २४ वर्षीय अजय तामाङ, १९ वर्षीय संदेश राई र २० वर्षीय सन्तोष राजबंशी रहेका छन् ।


## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**लब श्रेष्ठ**
प्रमुख

**हरि प्रसाद चापागाई**
प्रमुख प्रशासकीय अधिकृत

**मन्थली नगरपालिका**

**मन्थली, रामेछाप, बागमती प्रदेश**


# अन्तराष्ट्रिय समाचार

## राष्ट्रपति जो बाइडेनको निजी निवासमा खानतलास

न्यूयोर्क । सङ्घीय अनुसन्धान व्युरो (एफबिआई)ले राष्ट्रपति जो बाइडेनको डेलावार राज्यको विल्मिङ्टनस्थित निवासमा खानतलास गरेको छ । खोजविनका क्रममा 'गोप्य' लेखिएका केही दस्तावेज र उनका हस्तलिखित टिपोट एफबिआई आफ्नो स्वामित्वमा लिएको राष्ट्रपतिका वकिलले बताएका छन् । राष्ट्रपति बाइडेनले स्वैच्छिकरूपमा एफबिआईको टोलीलाई खानतलासको अनुमति दिएको थियो । यद्यपि उक्त टोलीले खानतलासीको पूर्जी प्रस्तुत नगरे पनि विशिष्ट प्रकृतिको खानतलासीमा कुनै समस्या नभए पनि यसले राष्ट्रपतिलाई अप्ठ्यारोमा पारेको छ । गत पुस १२ गते राष्ट्रपतिका वकिलहरूले मध्यावधि निर्वाचनको केही समयअघि वासिङ्टनको पेन बिडेन केन्द्रको पूर्वकार्यालयमा केही गोप्य दस्तावेज फेला पारेको खुलासा गरेपछि अनुसन्धान गर्न एफबिआई टोली राष्ट्रपतिको निजी निवासमा पुगेको हो । बाइडेन उपराष्ट्रपति रहेका बेलाका छ वटा गोप्य दस्तावेज विल्मिङटन निवासको पुस्तकालयबाट टोलीले फेला पारेको छ । राष्ट्रपतिले पुस्तकालयलगायत स्थानमा केही नभएको अनुसन्धान टोलीलाई बताए । आफ्ना पूर्ववर्ती डोनाल्ड ट्रम्पको अशान्तिपूर्ण बहिर्गमनपछि अमेरिकी जनतामाझ आफ्नो सत्चरित्रयुक्त छवि रहेको चित्रण गर्ने प्रयासमा राष्ट्रपति बाइडेनलाई ठेस लागेको छ । १३ घण्टा लामो खोजविनका क्रममा गोप्य लेखिएका छ वटा दस्तावेज अनुसन्धान टोलीले आफ्नो नियन्त्रणमा लिएको राष्ट्रपतिका निजी कानुन व्यवसायी बब बउरले बताउनुभएको छ । बाइडेन सिनेटर र उपराष्ट्रपति रहेका बेलाका दस्तावेज टोलीले नियन्त्रणमा लिएको जानकारी पनि उहाँले दिनुभयो । टोलीले लिएका दस्तावेज कति गोप्य हुन् भन्ने स्पष्ट भएको छैन । अनुसन्धान टोलीले लिएका दस्तावेज कानुन मन्त्रालयले समीक्षा गर्नेछ ।

## कोरोना महामारी अन्त्यको घोषणा गर्ने डब्लुएचओको तयारी

जेनेभा । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले कोरोना महामारी अन्त्यको घोषणा गर्ने विषयमा छलफल गर्न थालेको छ। डब्लुएचओले कोरोना महामारी सुरु भएको दुई वर्ष पूरा भएपनि अझै महामारीका लक्षणहरु कायमै रहेको र मृत्युदर पनि बढिरहेकाले यसको अन्त्यको घोषणा गर्न आवश्यक मापदण्डहरु'दयगत छलफल गरिरहेको जनाएको छ । डब्लुएचओका जनस्वास्थ्य विज्ञहरुले कोरोना संकटको अन्त्य कसरी र कहिले गर्ने भन्ने 'दयगतमा छलफल थालेको जनाएका छन् । पछिल्लो समय हङकङलगायतका मुलुकमा नयाँ केस देखा पर्न थालेपछि डब्लुएचोको योजनामा चुनौती थपिएको अधिकारीहरुले जनाएका छन् । महामारी अन्त्यको घोषणा गरेपनि स्वास्थ्यका मापदण्डहरु भने सधैं पालना गर्नुपर्ने'दयगत भने अधिकारीहरु सहमति भएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरुले जनाएका छन्। कोरोना महामारी अन्त्यको घोषणा गरेपनि अझै वार्षिक हजारौं सर्वसाधारणको मृत्यु हुने सम्भावना रहेको डब्लुएचओको दावी छ। कोरोना भाइरस कायमै रहेका बेला यसका अन्य स्वरुपहरु पनि देखा पर्न सक्ने स्वास्थ्य विज्ञहरुले चेतावनी दिँदै आएका छन् । पछिल्लो समय कोरोना संक्रमणको दर ओरालो लाग्दै गएपछि अधिकांश मुलुकले डब्लुएचओको निर्देशन नआएपनि विभिन्न प्रतिवन्धहरु फुकुवा गरेर दैनिकी सहज बनाउँदै आएका छन् ।

## क्यालिफोर्नियामा एक व्यक्तिले अन्धाधुन्ध गोली चलाउँदा १० जनाको ज्यान गयो

अमेरिकाको क्यालिफोर्नियामा भएको अन्धाधुन्ध गोली प्रहारबाट १० जनाको ज्यान गएको छ । कम्तीमा अरु १० जना घाइते भएका छन् । स्थानीय समय अनुसार शनिवार राति १० बजेर २० मिनेटमा गोली प्रहार भएको बीबीसीले जनाएको छ । लुनार नयाँ वर्षका अवसरमा रमाइलो गर्न हजारौं मानिस भेला भएको बेला गोली प्रहार भएको क्यालिफोर्नियाको प्रहरीले जनाएको छ । लुनार नयाँ वर्षको एक हप्ता लामो उत्सव मनाउन हजारौं व्यक्तिको उपस्थिति थियो । राति उत्सव सकिनुभन्दा केही मिनेट अघि मात्र गोली चलेको प्रहरीले जनाएको छ । एक जना पुरुषले मेसिनगनबाट गोली चलाएको अनुमान् रहेको र अनुसन्धान भैरहेको प्रहरीलाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । गोली चलाउने व्यक्ति तथा गोली चलाउनुको कारण नयाँ वर्षको उत्सवसँग सम्बन्धित रहेको नदेखिएको पनि प्रहरीले जनाएको छ ।


## ब्राजिलका सेना प्रमुख जुलियो बर्खास्त

ब्राजिलका सेना प्रमुख जनरल जुलियो सेजर डे अरुडा बर्खास्त हुनुभएको छ । ब्राजिलको सशस्त्र बलको आधिकारिक वेबसाइटले जनरल जुलियोलाई सेनाको प्रमुखबाट हटाइएको जनाएको छ । ब्राजिलमा गएको जनवरी ८ तारिखमा संसद् भवन, राष्ट्रपति भवन तथा सर्वोच्च अदालतसहित सरकारी कार्यालयमा तोडफोड भएको थियो । यो घटनामा प्रभावकारी भूमिका निभाउन नसकेको आरोपमा राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले सेना प्रमुख जुलियोलाई बर्खास्त गर्नुभएको समाचार संस्था एपीले जनाएको छ । गएको डिसेम्बर ३० तारिखमा सेनाको कमाण्ड सम्हालेका उहाँ तीन हप्तामै पदबाट बाहिरिनुभएको छ । ब्राजिलको सर्वोच्च अदालतले संसद् भवनमाथिको आक्रमणको बारेमा छानबिन गरिरहेको छ । जसमा पूर्वराष्ट्रपति बोल्सो नारोलाई मुख्य योजनाकार मानिएको छ । ब्राजिलमा गएको अक्टोबरमा भएको राष्ट्रपति चुनावमा धाँधली भएको भन्दै बोल्सो नारोका समर्थकले प्रदर्शन गर्दै आएका छन् । लुलाले जनवरी १ तारिखमा पदभार ग्रहण गरेपछि कम्तीमा १ सय ४० सैन्य अधिकारीलाई बर्खास्त गरिएको छ ।

## तिब्बतमा हिमपहिरोमा परी २८ जनाको मृत्यु

चीनको स्वशासित क्षेत्र तिब्बतको निङ्ची शहरमा शुक्रबार गएको हिमपहिरोमा परी २८ जनाको ज्यान गएको छ । हिमपहिरोमा परेकाहरुको उद्धार सकिएको र २८ जनाको ज्यान गएको तिब्बतका अधिकारीहरुलाई उद्धृत गर्दै चिनियाँ समाचारसंस्था सिन्हवाले जनाएको छ । हिमपहिरोपछि काउन्टीलाई नइङ्चीको प्याड टाउनशिपसँग जोड्ने सुरुङबाट बाहिर निस्कने राजमार्ग बन्द भएको थियो । बाटो बन्द हुँदा गाडी तथा यात्रुहरु बाटोमै रोकिएका थिए । अहिले बाटोमा फसेका सबैको उद्धार सकिएको सिन्ह्वाले जनाएको छ । हिमपहिरो गएको क्षेत्रका सडक कच्ची रहेको तथा भू-धरातल समेत उबडखाबड रहेकाले उद्धारमा कठिनाइ भएको उद्धारमा खटिएकाहरुले बताएका छन् ।

# आत्महत्या न्यूनीकरणका उपायहरू



भोजराज पाण्डेय

**घटना १**

२०७५ सालको भाद्र महिनामा पाल्पा जिल्लाको रामपुर नगरपालिका घर भएकी एक अर्धवैशे महिलाले कतारमा रहेका श्रीमानसँग इमोमा कुराकानी हुँदै गर्दा श्रीमानश्रीमतीबीच सामान्य विषयमा दुबै जनाले निम्नस्तरको भाषा शब्द प्रयोग गरी एक आपसमा झगडा गरेपछि अचानक ती महिला आवेशमा आई साथमा रहेका दुई छोराहरू ९४ वर्ष र २ वर्ष० लाई सुतिरहेकै अवस्थामा ढोकाको चुकुल भित्रबाट लगाई सलले घाटीमा पाँसो लगाई घरको छानो अड्याउन राखेको बलोमा पाँसो लगाई श्रीमानलाई भिडियो कल गरि भिडियो अन गरेर झुण्डिएर आत्महत्या गरिन् ।

**घटना २**

२०७९ सालको असार महिनामा तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं १ घर भएकी एक महिलाले विदेशमा रहेका श्रीमानसँग इमोमा भिडियो कल गरि कुराकानी गर्दै गर्दाको अवस्थामा सामान्य विषयमा अचानक झैझगडा भएपछि अब म झुण्डिएर मर्छु भनी कल डिस्कनेक्ट गरेपछि निज श्रीमानले अत्तालिँदै गाउँकै एक जना भाईलाई आफ्नो घरमा गएर हेर्न अनुरोध गरेपछि निज उक्त घरमा जाँदा महिलाले भित्रबाट ढोकाको चुकुल लगाई आत्महत्या गरिसकेको थिइन् । निज तथा निज महिलाको बहिनी र गाउँले समेतको प्रयासमा निजहरुले ढोका फुटाली बाँची पो हाल्छ की भनी पाँसोबाट निज महिलालाई हतारहतार निकाली हेर्दा महिलाको मृत्यु भैसकेको रहेछ ।

**घटना ३**

२०७५ सालको श्रावण महिनामा पाल्पा जिल्लाको रामपुर नगरपालिका केलादी घर भएकी मजदुरी गर्दै आएकी एक महिला दिनभर आफ्नै श्रीमानसँग ज्याला मजदुरी गरि घर फर्कने क्रममा घर नजिकको होटलमा दुबै जनाले मादक पदार्थ सेवन गरेपश्चात घरमा आई खाना कसले पकाउने विषयमा विवाद हुँदा निज महिला घरको अर्को कोठामा गई तरकारी खेतीमा हाल्न भनी ल्याएको किरा मार्ने विषादी सेवन गरी अशक्त भए पश्चात् निजलाई उपचारको लागि अस्पतालमा पुर्‍याउँदा डाक्टरले मृत घोषणा गरेका थिए ।

माथि उल्लेखित घटनाहरु त आत्महत्याका केवल प्रतिनिधि घटनाहरु मात्र हुन् । मानिसले प्राण त्याग गर्ने कुरालाई सामान्य र हल्का रूपमा लिन थालेको कारण यस्ता घटनाहरु दैनिक रूपमा घट्ने गरेका छन् । जीवन कति मूल्यवान छ भन्ने कुराको हेक्का राख्न छाडेकै कारण आत्महत्याका घटनाहरु हुने गरेका छन् । सामान्य विषयमा आफ्नो भावावेषलाई नियन्त्रण गर्न नसक्दा यस्ता प्रकृतिका घटनाहरु दिनानुदिन बढ्दै गइरहेका छन् । पछिल्लो समयमा सामाजिक संजालको दुरुपयोगको कारण पनि आत्महत्याका घटनाहरुमा वृद्धि भएको पाइन्छ । नेपाल लगायत विश्वका हरेक देशमा अहिले सबैभन्दा डर लाग्दो समस्याको रूपमा रहेको आत्महत्याको विषयलाई लिएर आज सबै देशहरू चिन्तित बनेका छन् । खासगरी मानिसको मस्तिष्कमा सकारात्मक र नकारात्मक दुबै सोच रहेको हुन्छ । सकारात्मक सोचमा परिवर्तन आई कुनै परिवेश, घटना विशेषलाई लिई त्यही विषयमा निरन्तर मानसिक उल्झन गरि उक्त समस्या समाधान गर्न असमर्थ भएको कारण अथवा अब यो समस्यालाई म कुनै पनि हालतमा समाधान गर्न सक्दिन भन्ने नकारात्मक र निरासावादी सोच मनमा पैदा भई सो को कारण आफ्नो जीवनप्रति नै अत्यन्त घृणा भाव महसुस गरी अस्वभाविक रूपमा मृत्यु वरण गर्नुलाई आत्महत्या भनिन्छ ।

मानिसले समस्यालाई दुई प्रकारले लिएको हुन्छ । एउटा सरल र अर्को कठिन । सरल समस्यालाई उसले आफ्नो साथीभाइ र साथीहरूसँग सेयर पनि गर्दछ र त्यसको तत्काल समाधान पनि हुन्छ । किनभने समस्यालाई सेयर गर्दा सहज तरिकाले त्यसको समाधान पनि निस्कन्छ । तर कठिन खालका समस्यालाई उसले आफन्तजन तथा साथीहरुलाई सेयर गर्दैन । किनकी उसले पहिले नै कल्पना गरिसकेको हुन्छ की यो समस्यालाई सेयर गर्नु ठिक हुदैन । जुन सेयर गरेमा समाजमा उसको बेइज्जती हुने वा अपगाल आउने हुन सक्छ भन्ने उसलाई लागिरहेको हुन्छ । समस्या समाधान हुन नसकेको कारण मन अशान्त हुन्छ र भित्रभित्रै नैराश्यताले उसमा जरा गाड्न थाल्छ । अन्ततोगत्वा उसले उक्त समस्याको समाधान केवल मृत्यु नै हो भन्ने ठान्छ र सहजै मृत्युवरण गर्दछ ।

कतिपय अवस्थामा मानिसलाई आत्महत्या गर्न बाध्य पनि बनाईएको हुन्छ । नेपालमा खासगरी तराईका जिल्लाहरूमा दाइजोको कारण धेरै महिलाले आत्महत्या गरेर मृत्युवरण गरेको कारण २०७४ सालमा बनेको मुलुकी अपराध संहिता ऐनमा कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न हुँदैन र त्यसो गरेमा दुरुत्साहन गरेको ठहर छ भन्ने कुरा उल्लेख गरेको छ । खासगरी तराईका बुहारीहरुलाई दाइजो नल्याईएको निहुँमा सासू ससुरा तथा श्रीमान एवम् घरका अन्य परिवारद्वारा शारीरिक तथा मानसिक रुपमा प्रताडित गरी आत्महत्या गर्न बाध्य बनाएको कारण धेरै महिलाहरुले अकालमा मृत्युवरण गर्ने गरेको घटनालाई निरुत्साहित, नियन्त्रण र रोकथाम गर्न यो प्रावधान ल्याइएको कुरा नकार्न सकिदैन तर पछिल्लो समयमा सामाजिक संजालमा साथी बनी निजको उक्त फेसबुक एकाउन्ट ह्याक गरी कुनै तरहले प्राप्त गरेका निजका अश्लील फोटो तथा भिडियोहरु पोस्ट वा सेयर गर्ने गरेको कारण समाजमा बेइज्जती हुने डरले आत्महत्या गर्ने गरेका घटनाहरुमा बढोत्तरी हुन थालेको छ । जुन कुरालाई अत्यन्त गम्भीर रूपमा लिनु पर्ने आवश्यकता रहेको छ ।

यसै तथ्यलाई मनन गरी नेपाल सरकारले मुलुकी अपराध (संहिता) ऐन २०७४ मा आत्महत्या सम्बन्धि विषयलाई पहिलोपटक कानुनी दायरामा ल्याएको छ । उक्त ऐनको परिच्छेद १२ को दफा १८५ मा कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन भन्ने उल्लेख छ । उक्त ऐनको दफा १८५ विरुद्ध कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ भन्ने कुरासमेत ऐनमा उल्लेख गरेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक वर्ष विश्वभर करिब आठ लाख मानिसहरूले आत्महत्या गरी मर्ने गर्दछन । हरेक ३ सेकेन्डमा १ जनाले आत्महत्याको प्रयास गर्दछ भने प्रत्येक ४० सेकेन्डमा १ जनाको आत्महत्याको कारण मृत्यु हुने गर्दछ । विश्वभरमा हुने गरेका आत्महत्याका घटनाहरुलाई हेर्ने हो भने प्राय पुरुषहरूको तुलनामा महिलाहरूले बढी आत्महत्या गर्दछन् । आत्महत्याको दर गृहणी, विद्यार्थी, मजदुर र बेरोजगारमा बढी भएको पाइन्छ । आत्महत्या गर्ने विश्वमा रहेका देशहरूको तुलनामा नेपाल तेह्रौं स्थानमा रहेको छ । प्राय: गरेर १५ वर्षदेखि ४५ वर्षको उमेरकाहरुले बढी आत्महत्या गर्ने गरेको पाइन्छ । त्यसमा पनि खासगरी सहारा बिहिन, निको नहुने रोगले ग्रसित र पिडादायी रोगको बिरामी ९६ वर्षदेखि माथि भएकाहरूले पनि पीडासँग संघर्ष गर्न नसकी आत्महत्या गर्ने गरेको पाइन्छ ।

नेपालमा पछिल्लो समयमा युवाहरु वैदेशिक रोजगारीको शिलशिलामा विदेशमा जाने र बुहारीहरु गाउँमा नबसी छोराछोरी पढाउन भनी सहरमा बस्ने गरेको कारण वृद्धवृद्धाहरु सहारा बिहिन भई जिन्दगीदेखि विरक्तताको अनुभूति गरि आत्महत्या गर्ने गरेका छन् । कतिपय अवस्थामा बुढ्यौलीसँगै विभिन्न रोगले ग्रसित रहेको र भरपर्दो उपचार गर्ने गराउने मानिस नरहेको कारण पिडाबाट मुक्ति पाउनको लागि आत्महत्या गर्ने गरेको पनि पाइन्छ ।

म मेरो बोलिलाई सकारात्मक राख्दछु किनभने मेरो बोलीबाट मेरो व्यवहार बन्दछ, म मेरो व्यवहार सकारात्मक राख्दछु किनभने व्यवहारबाट मेरो जीवन मूल्य बन्दछ, म मेरो जीवन मूल्य सकारात्मक राख्दछु किनभने मेरो जीवन मूल्यबाट मेरो भविष्य बन्दछ । भारतीय महान नेता महात्मा गान्धीले जीवनको बारेमा उल्लेख गरेको उद्‌गारले जीवनको वास्तविकता छर्लङ्ग पार्दछ । वास्तवमा खुशी या सुख पाउन भनेर काम गरेमा जीवनमा खुशी कहिलेइ आउदैन । बरु तनाव हुन्छ । किनभने मानिसले जहिले पनि आशातित परिणामभन्दा बढी महत्त्वकांक्षा राखेको हुन्छ । जसले गर्दा उसमा खुशी प्राप्त नहुन सक्छ तर खुशीकासाथ काम गर्‍यो भने निश्चित रुपमा खुशी भई सफलता प्राप्त हुन सक्छ ।

समाजमा विभिन्न कारणहरुले गर्दा मानिसले आत्महत्या गर्ने गरेको पाइन्छ । यसका प्रमुख कारणहरुमा लैंगिक तथा घरेलु हिंसा, पारिवारिक बेमेल, झैझगडा, खिचातानी, शारीरिक तथा मानसिक तनाव, डिप्रेसन, लामो समय निको नहुने दीर्घ रोग लाग्नु, सोचे, चाहे अनुसारको काम नहुनुरनबन्नु, नतिजामुखी परिणाम नआउनु, प्रेममा धोका खानु, प्रेम सम्बन्धलाई परिवार र समाजले बैध्यता नदिनु, सामाजिक बहिष्कार, अवहेलना, बेरोजगार, गरिबी, अशिक्षा, सामाजिक संजालको गलत प्रयोग गर्नु र अनावश्यक महोत्वकांक्षा लिनु आदि पर्दछन ।

आत्महत्या जस्तो जटिल समस्या समाधान गर्नको लागि कानुन निर्माण मात्र बलियो आधार हुन सक्दैन । यसको लागि व्यापक रूपमा जनसहभागिता सहित सचेतनामूलक कार्यक्रमहरु संचालन गर्नु आवश्यक रहन्छ । साथै स्थानीय रूपमा यसको लागि सरोकारवालाहरुको सहकार्यमा विद्यार्थी र समाज लक्षित सचेतनात्मक कक्षाहरु पनि संचालन गर्नु उपयुक्त हुन्छ । यसको अलावा व्यक्तिगत रूपमा आफैले विभिन्न उपायहरु अवलम्बन गर्न सकेमा पनि आत्महत्या न्यूनीकरण गर्न सकिन्छ । जस्तै एकान्तमा बस्ने बानी नगर्ने, असफलतालाई लिएर अनावश्यक तनाव नलिने, हरपल आफूलाई ब्यस्त राख्ने प्रयास गर्ने, नकारात्मक सोच मस्तिष्कमा आउन नदिने, झैझगडा गर्ने र रिसाहा स्वभाव नगर्ने, सामाजिक संजालको दुरुपयोग नगर्ने, कसैलाई पनि आफ्नो सोसियल मिडियाको पासवर्ड सेयर नगर्ने, सुख र दुखलाई समान रूपमा लिने लगायतका कार्यहरू गर्न सकेको खण्डमा यस्तो विचार मनमा आउनबाट बच्न सकिन्छ । कुनै पनि असफलतामा नैराश्यता आउन नदिनु जीवनको लागि अत्यन्त महान कार्य मानिन्छ ।

यसलाई नियन्त्रण वा न्यूनीकरण गर्ने कार्य एकल प्रयासबाट मात्र कदापि सम्भव हुन सक्दैन । सामाजिक उत्तरदायीत्त्व अन्तर्गत जिम्मेवारी निकायबाट सामूहिक प्रयास गरेको खण्डमा पनि यसलाई प्रभावकारी रूपमा न्यूनीकरण गर्न बाँकी ६ पृष्ठमा

## गजल



रोमा लम्सालु नुरा

पिंजडाको चरी खै कहाँ हो कहाँ
दिल बस्यो बन्धकी खै कहाँ हो कहाँ

खोसिएपछि खुसी हर बिहानीसँग
रातको रोशनी खै कहाँ हो कहाँ

फेरि एक्लो भयो वर यो चौतारीको
प्रेमको गौधूलि खै कहाँ हो कहाँ

मुस्कुराई रहे मात्र आँखा मेरा
लाग्यो उनकै कमी खै कहाँ हो कहाँ

भन्छ बन्छु अमर हाम्रो यो पिरती
मृत्यु रोक्ने घडी खै कहाँ हो कहाँ ।

हाल काठमाडौं

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**लवश्री न्यौपाने**
प्रमुख

**निरज पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

**रामेछाप नगरपालिका**
**रामेछापबजार, रामेछाप, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**केशव महत**
अध्यक्ष

**विनोद कुमार अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत

**लिखु तामाकोशी गाउँपालिका**
**धोबी बजार, रामेछाप, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**काजी बहादुर खड्का**
अध्यक्ष

**होम बहादुर थापा**
प्रमुख प्रशासकीय अधिकृत

**गोकुलगङ्गा गाउँपालिका**
**रस्नालु, रामेछाप, बागमती प्रदेश**

# हार्दिक बधाई तथा शुभकामना



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा पश्चात सम्पन्न निर्वाचनमा विजयी अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जु कुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले तथा कार्यसमिति सदस्यहरू राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठप्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ, आनन्द कोइराला, नारायण भुसाल, तोरणबहादुर कार्की र चन्द्र बहादुर लिम्बूज्यूलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

अरोरा ह्युमन रिसोर्स प्रा.लि. | ओमेगा पावर माईण्ड्स प्रा.लि. | अल्करिम ह्युमन रिसोर्सेज प्रा.लि | सिम्रिक ओभरसिज प्रा.लि. | रिलाइन्स रिक्रुमेन्ट सर्भिसेज प्रा.लि. | माउण्टेनग्रुप इन्टरनेशनल प्रा.लि

न्यु अल्फा एच.आर. सर्भिसेज प्रा.लि. | अल हाया ओभरसिज प्रा.लि. | ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि | निलकमल ह्युमन रिसोर्स प्रा.लि | डाईनामिक स्टाफिङ सोलुशन प्रा.लि. | शुभहारती मेनपावर प्रा.लि.

उज्यालो ओभरसिज प्रा.लि. | सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि. | इरो एसिया एच.आर. सोलुशन प्रा.लि | डि. स्क्वायर ग्रुप प्रा.लि. | फाइन जब रिक्रुमेन्ट प्रा.लि.

# हार्दिक बधाई तथा शुभकामना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा पश्चात सम्पन्न निर्वाचनमा विजयी अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जु कुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले तथा कार्यसमिति सदस्यहरू राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठप्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ, आनन्द कोइराला, नारायण भुसाल, तोरणबहादुर कार्की र चन्द्र बहादुर लिम्बूज्यूलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

साथै यस मञ्चका उम्मेद्वारहरुलाई अमुल्य मत दिई विजयी बनाउनु हुन मतदाता व्यवसायीज्यूहरु एवम् मतदान गर्ने तथा सहभागिता जनाउँनुहुने सम्पूर्ण व्यवसायीज्यूहरु, पत्रकार मित्रहरु, स्वयंसेवक, आयोजक, लगायत सहभागी सम्पूर्ण व्यक्तित्वहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

Progressive Forum of Foreign Employment Agencies, Nepal PFFEAN 2071

**जनक रावल**
महासचिव
**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**

## व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ।

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय ( वडा कार्यालय) मा निःशुल्क रुपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**जनआकाश मिडिया प्रा.लि.का लागि:** प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, सम्पादक : ईन्दिरा घमला, ९८६१५८८४५६,९८६१५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस